राष्ट्रिय दैनिक
# द नेपालटप
thenepaltop.com

द नेपालटप
• नियमित ग्राहक बन्नु परेमा
• नियमित पत्रिका नआएमा
।वितरण शाखा।
०१-५३६६६१०

वर्ष ०१ | अंक ५१ | आइतबार, २७ चैत २०७८ | Sunday, 10 April 2022 | नेपाल संवत् ११४२ | पृष्ठ : ८ | मूल्य : ५/-

## तेहरो वायुले मौसम प्रभावित

**द नेपालटप**
काठमाडौं

क्षणभरमा बदलिने मौसम, अपराह्नपछि मेघ गर्जंदै मध्यम र हल्का वर्षा हुनु मनसुन पूवार्द्ध (प्रि–मनसुन)को विशेषता हो ।

धूलोसहितको हावाहुरी, मेघ गर्जनसहित मध्यम र हल्का वर्षा अझै केही दिन दोहोरिनेछ । स्थानीय वायु, बंगालको खाडी र अरब सागरको वायुको तेहरो प्रभावले अधिकांश भेगको मौसम प्रभावित भएको र यो क्रम जारी रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसमविद् गंगा नगरकोटीले द नेपालटपसँग भनिन्, 'प्री मनसुनका बेलामा छिनछिनमा मौसम बदलिन्छ, कतिपय अवस्थामा मौसम पूर्वानुमान गर्नसमेत गाह्रो हुन्छ । अहिलेको अवस्था नियाल्दा आइतबार दिनभर पनि धेरै ठाउँमा मौसम खुल्नेछैन ।'

अन्यत्रको तुलनामा प्रदेश १ का पहाडी भेग, बाग्मती र गण्डकी प्रदेशमा मौसमको प्रतिकूल प्रभाव कायमै रहने उनले बताइन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा पश्चिमी वायुले बादल बनाउने प्रणाली भित्र्याएको तर वर्षा गराउने प्रकृतिको भने नभएको महाशाखाले जनाएको छ ।खस्किएको छ ।

# घरभित्रै हुन्छन् अधिकांश झगडा

## सम्बन्ध विच्छेद र अंशबन्डा विवादको भयावह तस्बीर

**डिल्ली आचार्य**
काठमाडौं

सामाजिक सद्भाव र मेलमिलापका लागि राज्य र गैरसरकारी संघसंस्थाले श्रम र पैसाको ठूलो लगानी गरे पनि अधिकांश झैझगडा भने घरभित्रै हुने गरेको देखिएको छ ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनलाई आधार मान्ने हो भने अदालतमा दर्ता भएका मुद्दाको ठूलो हिस्सा घरभित्रका हुने गरेको पाइएको छ ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७७/०७८ का अनुसार घरभित्र हुने झगडामध्येमा पनि सम्बन्ध विच्छेद र अंशबन्डासम्बन्धी विवादको अवस्था झन् भयानक देखिएको छ ।

सर्वोच्च अदालतका अनुसार यस आर्थिक वर्षमा देशभरका अदालतमा दर्ता भएका मुद्दाको संख्या २ लाख ९५ हजार २०४ वटा छ ।

वार्षिक प्रतिवेदनको तथ्यांक हेर्ने हो भने देशभरका अदालतमा गरी घरभित्रको झगडाबाट सिर्जित भएका मुद्दाको संख्या ६२ हजार ४४९ वटा छन् ।

सर्वोच्च र उच्चसहित देशभरका ७७ जिल्ला अदालतमा दर्ता भएका कुल मुद्दामध्ये घरभित्र हुने झगडाबाट सिर्जित मुद्दा मात्र २१ दशमलव १५ प्रतिशत देखिन्छ ।

यी मुद्दामध्ये १ वर्षको अवधिमा देशभरका ३ वटै तहका अदालतहरुले ३२ हजार ४५ वटा मुद्दामा मात्र फैसला दिए । अन्य सबै मुद्दा फैसला कुरेर बसेका छन् ।



सर्वोच्चसम्म घरभित्रको झगडा आइपुग्ने तथ्यांक पनि अस्वाभाविक रुपमा बढी छ । यस वर्ष मात्र सर्वोच्च अदालतमा घरभित्रको विवादबाट सिर्जना भएका झगडाका २ हजार २७० वटा मुद्दा आइपुगे ।

जसमा अदालतले ३३२ वटा विवादमा मात्र न्याय दिन सफल भयो । सर्वोच्च अदालतमा अझै पनि घरभित्रका झगडाबाट सिर्जित १ हजार ९३८ मुद्दा फैसलाको दिन कुरेर बसेका छन् ।

बाँकी पृष्ठ ७ मा

### प्रभावकारी देखिएन मेलमिलाप

घरभित्रबाट सिर्जना हुने दुनियाँवादी देवानी मुद्दालाई मेलमिलाप विधिबाट टुंगो लगाउन सर्वोच्च अदालतले २०६० सालबाट प्रयास थाल्यो ।

जिल्ला अदालत नियमावली संशोधन गरेर थालिएको मेलमिलापको प्रक्रिया प्रभावकारी भएको भन्दै २०६८ सालमा मेलमिलापसम्बन्धी ऐनर ७० सालमा मेलमिलापसम्बन्धी नियमावली ल्याइयो । यही नियमावलीलाई टेकेर सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा मेलमिलाप परिषद्समेत बन्यो ।

परिषद्ले देशभर देवानी प्रकृतिका र विशेष गरी घरभित्र हुने झगडामा मेलमिलाप गराउन कोसिस गरे पनि प्रभावकारी भने देखिएको छैन ।

बाँकी पृष्ठ ७ मा

## सत्ता गठबन्धनमा चुनावी सरगर्मी

# शीर्ष नेताका क्षेत्रमै ल्याङल्याङ

**टीका बन्धन/जङ्ग तामाङ**
काठमाडौं

स्थानीय तह निर्वाचनमा गठबन्धन गर्ने निर्णय गरेको २ साता हुँदै गर्दा तालमेलबारे गठबन्धनका दलहरू अझैसम्म अन्योलमा छन् ।

केही जिल्लामा तालमेलको टुंगो लागे पनि 'हेभी वेट' नेताका गृह जिल्लामा सहकार्यको सवाल पेचिलो बन्दै गएको छ । जसकारण एमालेविरुद्धको गठबन्धन कति बलियो होला ? चासोपूर्ण बनेको छ ।

कांग्रेसका कोइराला परिवारको राजनीतिक थलो बनेको मोरङमा तालमेल गर्ने निर्णय अझैसम्म भएको छैन । गठबन्धनमा रहेका अन्य दलहरू नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा)ले चाहे पनि कांग्रेसले तालमेल गर्न नचाहेको हो ।




**विराटनगरमा एमालेले टुङ्ग्यायो आकांक्षी** — पृष्ठ ८

१४औं महाधिवेशनमा कांग्रेस सभापतिमा प्रतिस्पर्धा गरेका डा. शेखर कोइराला, महामन्त्रीमा प्रतिस्पर्धा गरेका डा. मीनेन्द्र रिजाल, जिल्ला सभापति डिकबहादुर लिम्बूलगायत नेताहरू मोरङमा तालमेल नगर्ने पक्षमा छन् ।

सोही कारण तालमेल हुन नसकेको माओवादी केन्द्रका प्रदेश अध्यक्ष हर्कबहादुर नेम्बाङ 'मिक्सो'ले बताए ।

मोरङमा कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवापक्षीय नेताहरू अमृत अर्याल, खड्ग फागोलगायत नेताहरू भने तालमेलको पक्षमा छन् । एउटै पार्टीमा भएको मतभेदका कारण तालमेलको निर्णय हुन नसकेको हो ।

गठबन्धनमा रहेको दल जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवको गृह जिल्ला सुनसरीमा पनि तालमेलको निर्णय हुन सकेको छैन ।

बाँकी पृष्ठ ७ मा

# को बन्ला नेपाल प्रहरीको २९औं आईजीपी ?

**अली असगर देवान**
काठमाडौं

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आईजीपी) शैलेश थापा क्षेत्रीको कार्यकाल सकिन २४ दिन मात्रै बाँकी छ । १८ वैशाख, २०७९ मा ३० वर्षे सेवा अवधिका कारण आईजीपी क्षेत्रीले प्रहरी सेवाबाट अनिवार्य अवकाश पाउँदै छन् ।



क्षेत्री निवृत्त भएसँगै नेपाल प्रहरीले आगामी १९ वैशाखमा २९औं आईजीपी पाउँदै छ । आईजीपी क्षेत्रीसँगै एआईजीहरु हरि पाल, प्रद्युम्न कार्की र निरज शाही पनि अवकाशमा जाँदै छन् । त्यसैले क्षेत्रीपछि नेतृत्वको दाबेदारमा नयाँ एआईजीबीच कडा प्रतिस्पर्धा हुने भएको छ ।

अबको आईजीपीका लागि एआईजीहरु विश्वराज पोखरेल, सहकुलबहादुर थापा, धीरजप्रताप सिंह र रवीन्द्र धानुकबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

सबैले आफूलाई आईजीपीका प्रमुख दाबेदारका रूपमा नै प्रस्तुत गर्न थालेका छन् । उनीहरु चारैजना एउटै ब्याची हुन् ।

चुनावको मुखमा नयाँ आईजीपी को बन्ला भन्ने यतिबेला सर्वत्र चासोको विषय बनेको छ । नयाँ आईजीपीले नै स्थानीय तहको निर्वाचन सुरक्षा कमाण्ड सम्हाल्ने भएकाले पनि अब बन्ने आईजीपीमाथि सबैको ध्यान केन्द्रित छ ।

बाँकी पृष्ठ ७ मा



# यी हुन् गोदावरी नगरप्रमुखका आकांक्षी

**द नेपालटप**
लालितपुर



स्थानीय निर्वाचन आउन एक महिना बाँकी रहँदा मध्यललितपुरको गोदावरी नगरपालिकामा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका धेरै नेताले प्रमुखको आकांक्षा देखाएका छन् ।

एमालेभित्र प्रदेश सांसद चेतनाथ सञ्जेल, एमाले पूर्वजिल्ला अध्यक्ष मधुसुदन पौडेल र नेता गम्भीर रानाको प्रमुख पदमा उम्मेदवारी चर्चा सुरु भएको छ । कांग्रेसमा प्रमुख गजेन्द्र महर्जनको टिम नै दोहोरिने दाउमा छ भने पुरुषोत्तम सिलवाल, चक्र महर्जन र रामशरण घिमिरेलगायत दाबेदारी प्रस्तुत गर्न दौडधुपमा छन् ।

माओवादी केन्द्रका महेन्द्र श्रेष्ठ, भाग्यराम महर्जन, न्हुँच्छेराम महर्जन, रामप्रसाद दाहालले पनि प्रमुखको आकांक्षा देखाएका छन् । माओवादीबाट गोदावरी नगरका अध्यक्षसमेत रहेका महर्जन गठबन्धनसँग मिलेर उम्मेदवारी दिने तयारीमा छन् । उनी भन्छन्, 'सम्मानजनक अवस्था नभए हामी एक्लै पनि लड्ने सम्भावना छ ।'

बाग्मती प्रदेशका सांसदसमेत रहेका एमाले नेता चेतनाथ सञ्जेल कार्यकर्ताहरूले प्रमुख जित्ने उम्मेदवार आफू भएको चर्चा हुने गरेको बताउँछन् । भन्छन्, 'मैले रहर गरेर मात्रै हुँदैन । पार्टीले जिम्मेवारी दिए भाग्न पनि मिल्दैन ।'

स्थानीय नेता राना भने आफूले प्रमुख पदको उम्मेदवारीको पक्षमा खुलेरै बहस सुरु गरेको बताउँछन् । 'म मेयरको दाबी गरेर अघि बढेको छु । खै मैले त कसैले एमालेबाट मेयरको दाबी मेरो हो भनेर अघि बढेको देखेको छैन । कोठाकोठामा चाहिँ के हुन्छ थाहा छैन', उनी भन्छन् ।

एमाले गोदावरी नगर कमिटी अध्यक्ष प्रभाकर थापा, ब्रह्मानन्द श्रेष्ठ, रघुनाथ महर्जन र रमेशचन्द्र घिमिरेलगायतको नाम प्रमुखका लागि कार्यकर्ता पंक्तिमा चर्चा हुने गरेको छ । नाम नबताउने शर्तमा एक नेताले भने, ' एमाले पंक्तिमा प्रमुखको उम्मेदवारीको चर्चा गम्भीर र चेतनाथको धेरै नै भइरहेको छ । उहाँहरूको कुरा मिलेन भने तेस्रो व्यक्तिको लागि हानथाप होला ।'

सांसद सञ्जेलले नगरपालिकामा उम्मेदवारी दिने अवस्थामा सांसद पद रिक्त हुने र फेरि निर्वाचन गर्नुपर्ने अवस्थाका कारण प्रमुखमा पार्टीले टिकट दिने सम्भावना कम रहेको उनको भनाइ छ ।

नगरपालिकाका प्रवक्तासमेत रहेका कांग्रेसका नेता मिलन सिलवाल नगरपालिकाका सबै पदाधिकारी फेरि दोहोऱ्याउने इच्छा देखाइरहेको बताउँछन् । भन्छन्, 'म आफै पनि गोदावरी– ५ नम्बर वडामा फेरि उम्मेदवारी दिने इच्छा व्यक्त गरिरहेको छु ।' नगरपालिकाका प्रवक्ता सिलवाल नगरपालिकामा आउनासाथ भौतिक संरचना र कानुन नहुँदा भने जसरी काम गर्न नसकेको बताउँछन् । भन्छन्, 'हामीलाई कोरोनाका कारण काम गर्ने भन्दा पनि जनताको ज्यान जोगाउनतिर लाग्नुपरेको थियो ।'

उपप्रमुख मुना अधिकारी स्थानीय निकायमा भर्खर काम गर्ने वातावरण बनेकाले उपप्रमुखमा फेरि उम्मेदवारीको आकांक्षा राखेको बताउँछिन् । भन्छिन्, 'सुरुका दिनमा कसरी काम गर्ने धेरै अन्योल थियो । आफ्नो भवन थिएन, कानुन थिएन । लामो समय स्थानीय निकाय रिक्त थियो । कसरी काम गर्ने सिकाइदिने मान्छे थिएनन् ।'

नेकपा (एकीकृत समाजवादी)का ललितपुर सहसंयोजक अमृतनाथ तिमल्सिनाले भने आफ्नो पार्टीमा उम्मेदवारीका सम्बन्धमा छलफल चलिनसकेको बताउँछन् । उनी भन्छन्, ' गठबन्धनमा रहेका दलहरूको जिल्लामा भर्खर संयन्त्र बनेको छ । हामी निर्णय गरेर साझा उम्मेदवार छान्छौं ।'

# शशांकलाई महंगो भो निर्वाचन खर्च

**द नेपालटप**
काठमाडौं

नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालालाई निर्वाचन खर्च महँगो भएको महसुस भएको छ । उनले निर्वाचन खर्च महँगो हुँदै गएको बताएका छन् । खर्चकै कारण निर्वाचन लड्न नसकिने स्थिति आएको उनको भनाइ छ ।

नवलपरासीबाट ३ पटक निर्वाचन लड्दा खर्च अधिक भएको महसुस गरेको उनले बताए । '३ पटक निर्वाचन लडें । पहिलो पटक ८० हजार खर्च भयो । दोस्रो पटक ३ करोड खर्च भयो र तेस्रो पटक ६ करोड खर्च भयो', नेपाल विद्यार्थी संघ इलाम काठमाडौं सम्पर्क समितिको कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै कोइरालाले भने ।

कोइरालाले आसन्न स्थानीय तहको निर्वाचनमा कांग्रेस एक्लै प्रतिस्पर्धामा उत्रिनुपर्ने आफ्नो दृष्टिकोण रहेको तर प्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति शेरबहादुर देउवाले भनेपछि तालमेल गर्नु नै ठीक हो जस्तो लागेको बताए ।

निर्वाचनमा गठबन्धन नगर्दा नेकपा माओवादी केन्द्र एमालेसँग मिल्ने जोखिम रहेकाले सभापति देउवाको कुरा ठीकै लागेको उनले बताए ।

कोइरालाले भने, ' माओवादीको थोरै मत एमालेसँग मिल्दा फेरि हाम्रो अवस्था साँघुरिन सक्छ । केही हदसम्म मलाई त्यो सभापतिको कुरा पनि ठीकै लाग्यो ।' उनले कांग्रेसले अहिले आफ्नो शक्ति बढाएर सकेसम्म एक्लै चुनाव लड्नुपर्ने जिकिर पनि गरे ।

# 'निर्वाचन आयोगले एमालेलाई थर्कायो'

**द नेपालटप**
काठमाडौं



नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गर्ने बेला आफ्नो पार्टीलाई ' थर्काएको' दाबी गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित पार्टी प्रवेश कार्यक्रममा ओलीले सत्तापक्षसँग मात्रै परामर्श गरेर जारी गरिएको निर्वाचन आचारसंहितामा हस्ताक्षर गर्ने बेला आयोगले आफ्नो पार्टीका प्रतिनिधिलाई 'हस्ताक्षर नगरे नगर्नुस्' भन्दै थर्काएको दाबी गरे ।

नेपालको इतिहासमा पहिलोपटक निर्वाचन आयोगले निर्वाचन आचारसंहिता विपक्षी दलसँग परामर्श नगरी जारी गरेको पनि ओलीले दाबी गरे । आयोगले अनुरोध गरेर निर्वाचन सम्पन्न गर्नुपर्नेमा कारबाहीको डण्डा देखाउने गरेको अध्यक्ष उनले आरोप लगाए ।

अध्यक्ष ओलीले आफ्नो दलसँग परामर्श नगरी निर्वाचन आचारसंहिता जारी भए पनि त्यसको पूर्ण पालना गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको स्पष्ट पारे ।

अध्यक्ष ओलीले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई सरकारले निलम्बन गर्नु गलत भएको टिप्पणी गरे । अर्थतन्त्र बिगार्ने मान्छे अर्कै भएको तर गभर्नरलाई अर्थतन्त्र बिगारेको आरोप लगाएर निकाल्नु भनेको ' धान खाने मुसो, चोट पाउने भ्यागुतो' भन्ने उखान जस्तै भएको उनको प्रतिक्रिया थियो । 'थुतुनाभरी रौं भएको मुसाले धान खायो, एउटै रौं नभएको भ्यागुतालाई कारबाही भयो' उनले भने, 'धान खाने मुसो चोट पाउने भ्यागुतो जस्तै भयो यो त ।'

उनले गभर्नर अधिकारीलाई निलम्बन गरेर सरकारले माओवादीले नियुक्त गरेका न्यायाधीशको नेतृत्वमा छानबिन समिति बनाएको आरोपसमेत लगाए ।

## सारसूचक

### फोरमको कार्यालय उद्घाटन

**काठमाडौं/टीएनटी–** नेपाल–भारत वर्ल्ड डेभलपमेन्ट फोरमको केन्द्रीय कार्यालय विधिवत् रूपमा काठमाडौंको जडिबुटीमा उद्घाटन भएको छ । एक समारोहका बीच फोरमका अन्तर्राष्ट्रिय संरक्षक वेदप्रकाश गुप्ता र भारतीय दूतावासका सतेन्द्र दहियाले संयुक्त रूपमा कार्यालयको उद्घाटन गरे । त्यस अवसरमा गुप्ताले नेपाल र भारतबीच अलौकिक र सदियौं पुरानो सम्बन्धका बारेमा चर्चा गरे । उनले नेपाल र भारत मिलेर विश्वमा शान्ति, विकास र मानव कल्याणको सन्देश दिन सफल हुने जिकिर गरे ।

यस्तै, भारतीय दूतावासका दहियाले फोरम आफ्नो उद्देश्यअनुसार काम गर्न सकोस् भन्ने शुभकामना व्यक्त गरेका थिए । 'विश्व शान्ति, विश्व विकास, विश्व मानव कल्याण' र 'नेपाल–भारत मिलकर चलें विश्व सारा आगे बढें' मूल उद्देश्यका साथ फोरमको स्थापना भएको केन्द्रीय अध्यक्ष मधुरेन्द्र चौधरीले जानकारी दिए । फोरमको केन्द्रीय कार्यालय उद्घाटन कार्यक्रममा संस्थाका विभिन्न प्रस्तावित सदस्यहरूसहित अन्य व्यक्तित्वहरूको उपस्थिति थियो ।

### आज सार्वजनिक बिदा

**काठमाडौं/टीएनटी–** रामनवमीका अवसमा सरकारले आइतबार सार्वजनिक बिदा दिएको छ । गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार २७ चैत रामनवमीका अवसरमा आइतबार देशभरका सबै सरकारी कार्यालय, सार्वजनिक निकायमा सार्वजनिक बिदा हुनेछ । रामनवमीका अवसरमा बिदा दिने निर्णय २४ चैतमा बसेको मन्त्रिपरिषद्को बैठकले जारी गरेको गृहको विज्ञप्तिमा उल्लेख छ ।

### कांग्रेसको प्रवास समन्वय एवं प्रचार उपसमिति

**काठमाडौं/टीएनटी–** नेपाली कांग्रेसले स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै प्रवास समन्वय एवं प्रचार प्रसार उपसमिति गठन गरेको छ ।

उपसमितिको संयोजकमा जनसम्पर्क समिति अमेरिकाका सभापति गोरख विष्ट छन् भने बेलायत, क्यानडा, जापान, जर्मनी, मलेसिया, यूएई, बहराइन, नर्वे, साइप्रस, इजरायल, कतार, अस्ट्रेलिया, कुवेत, बेल्जियम, दक्षिण कोरिया, स्पेन, नेदरल्यान्ड, पोर्चुगल स्वीटजरल्यान्ड, डेनमार्क, मकाउ, साउदी अरब, पोल्यान्ड, इटली, हङकङलगबायत ३६ देशका जनसम्पर्क समितिका सयोजकलाई उपसमितिको सदस्यमा मनोनयन गरिएको

## ६ पत्रकार सम्मानित



**काठमाडौं/टीएनटी–** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ललितपुरले ६ जना पत्रकारलाई सम्मान गरेको छ । ललितपुरलाई कार्यक्षेत्र बनाएर संघीय समिति, प्रदेश समितिमा नवनिर्वाचित पदाधिकारी र सदस्यहरूलाई फोनिज ललितपुरले सम्मान गरेको हो ।

नयाँ वर्ष २०७९ सालको शुभकामना आदानप्रदान तथा संघीय समिति र प्रदेश समितिका नवनिर्वाचित पदाधिकारी र सदस्यहरूलाई शनिबार सम्मान गरेको हो । उनीहरूलाई ललितपुरको गोदावरी नगरपालिका नगर प्रमुख गजेन्द्र महर्जनले दोसल्ला ओढाएर सम्मान गरे । त्यस अवसरमा नेत्र तामाङ, सञ्जु ब्लोन तामाङ, बुद्ध योञ्जन, प्रकाश चाम्लिङ, पासाङ घिसिङ र सुनिल महर्जनलाई सम्मान गरिएको थियो ।

## 'नयाँ ल्याउँदा पुराना जनप्रतिनिधिको अधिकार हनन नहोस्'

**द नेपालटप**
काठमाडौं

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले ३० वैशाखमा स्थानीय तहको निर्वाचन गराउँदा २०७४ असोजमा विजयी भएका जनप्रतिनिधिहरूको संवैधानिक अधिकार हनन भएको बताएका छन् ।

पार्टीनिकट दोलखा–काठमाडौं सम्पर्क मञ्चले शनिबार आयोजना गरेको कार्यकर्ता भेलामा बोल्दै अध्यक्ष नेपालले ३० वैशाखमा स्थानीय तह निर्वाचन हुनेमा आशंकासमेत व्यक्त गरे ।

'३० वैशाखमा निर्वाचन हुने भनेर निर्वाचन आयोगले आचारसंहिताको कुरा पनि अगाडि सारेको छ– समस्या त छ', नेपालले अगाडि भने, '५ जेठमा पहिलो निर्वाचन भएको थियो, १५ असारमा अर्को निर्वाचन भएको थियो, ७ असोजमा अर्को निर्वाचन भएको थियो, असोजमा निर्वाचन भएकाहरूको अझै ५ वर्ष पुगेको छैन ।'

अध्यक्ष नेपालले असोजमा निर्वाचित जनप्रतिनिधिलाई आफ्नो पूर्ण कार्यकाल सञ्चालन गर्न नदिएर संवैधानिक अधिकारको हनन भएको तर्क गरे ।

'असोजमा निर्वाचन भएका जनप्रतिनिधिको ५ वर्ष समय पुगेको छैन, त्यसको जवाफ कसले दिने ? त्यसो हुनाले कानुनमा त्रुटि छ, संवैधानिक रूपमा उनीहरूको अधिकारको हनन भएको छ', नेपालले भने, ' त्यसो हुनाले यो निर्वाचनले असोज महिना ५ वर्ष पुग्नेहरूको भावना विपरीत छ ।' स्थानीय तह निर्वाचनमा ३० वैशाखमा गराउने सरकारको निर्णयविरुद्ध महोत्तरी, भंगहा नगरपालिकाका मेयर सञ्जिवकुमार सिंहले सर्वोच्च अदालतमा रिटसमेत दायर गरेका थिए ।

यद्यपि, ३० वैशाखमा निर्वाचन हुने वा नहुने भन्नेमा नेपालले आशंका व्यक्त गरे पनि निर्वाचनको तयारीमा लाग्न कार्यकर्तालाई निर्देशन दिए । 'भोलि जे होला, अहिले हामी तयारीमा जुटौं, अहिले हामी ३० वैशाखका निर्वाचनको तयारीमा जुटौं' नेपालको भनाइ छ ।

## आईजीपी प्रतिस्पर्धीहरू एकै जिल्लाका !

**काठमाडौं/टीएनटी–** सशस्त्र प्रहरीका २ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पुष्पराम केसी र रामशरण पौडेल नुवाकोटका हुन् । एकै जिल्लाका यी दुवैमध्ये १ जना सोमबारदेखि सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) हुनेछन् । आईजीपी शैलेन्द्र खनालको पदावधि आइतबार सकिँदै छ । सोही दिन सरकारले आईजीपीमा केसी र पौडेलमध्ये १ जनालाई नियुक्त गर्नेछ । आईजीपीको लाइनमा रहेका २ एआईजी र आईजीपी खनाल एकै ब्याजी हुन् ।

सोही संगठनमा डीएसपीबाट प्रवेश गरेका खनाल आईजीपको ४ वर्षे पदावधि सकेर सेवा निवृत्त हुँदा केसी र पौडेल प्रतिस्पर्धी बनेका हुन् । उनीहरू प्रहरी निरीक्षक २०४९ वैशाख १९ गते भएका थिए । ठीक ३० वर्षपछि आईजीपीको प्रतिस्पर्धामा होमिएका छन् । २०६१ साल वैशाखमा सशस्त्र प्रहरी उपरीक्षक (एसपी), २०६६ साल मंसिरमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी), २०६९ जेठमा सशस्त्र प्रहरी महानिरीक्षक (डीआईजी) र २०७४ वैशाखमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) भएका हुन् । हाल एआईजी केसी कार्य तथा सीमा सुरक्षा विभाग प्रमुख छन् । अर्का एआईजी पौडेल भने प्रशासन तथा मानव स्रोत विभाग प्रमुख छन् ।

# बाटो छेके छलेरै पनि हिंड्ने रोबोट बन्यो

**द नेपालटप**
काठमाडौं

नेपाल इन्जिनियरिङ कलेज (नेक)का शिक्षक तथा विद्यार्थीले एआईवेस डेलिभरी रोबोट तयार पारेका छन् । यो रोबोट बनाउन नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट)ले लगानी गरेको छ ।

रोबोट बनाउन शिक्षकबाट डिपार्टमेन्ट अफ इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसनका सहप्राध्यापक सचिन श्रेष्ठ र सहप्राध्यापक रुपेश दही श्रेष्ठ, डिपार्टमेन्ट अफ कप्युटर साइन्स एण्ड इन्जिनियरिङका सहप्राध्यापक दिनेश डंगोल तथा डिपार्टमेन्ट अफ इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल इन्जिनियरिङका उपप्राध्यापक अभिनाश खत्री केसी मुख्य टिम सदस्यका रुपमा संलग्न थिए । यस्तै, विद्यार्थीबाट राजु श्रेष्ठ, सरोज चौधरी, कुमार श्रेष्ठ र उत्सव खड्का संलग्न थिए ।

रोबोटलाई अटोमेटिक तथा म्यानुअल मोडमा काम गराउन सकिने छ । म्यानुअल मोडमा काम गराउन एउटा छुट्टै मोबाइल एप पनि बनाइको छ । मोबाइल एपको मद्दतले यसलाई वायर लेस्ली कन्ट्रोल गर्न सकिन्छ । यसलाई आफूले चाहेको ठाउँसम्म अगाडि–पछाडि गराउन सकिन्छ ।



अटोमेटिक मोडमा भने यो आफै गन्तव्यमा पुग्छ । यसका लागि उक्त क्षेत्रमा रहेको सीसीटीभी मुख्य कन्ट्रोल युनिट र रोबोटबीच वायरलेस नेटवर्क रहेको हुन्छ । मुख्य कन्ट्रोल युनिट नर्स स्टेशनमा राखिएको हुन्छ । त्यससँगै त्यहाँ डेस्कटप एप पनि हुन्छ ।

नर्स स्टेसनमा रहने कम्प्युटरमा रोबोटसँगै आबद्ध डेस्कटप एपको मध्यमबाट नर्सले रोबोट पुग्नुपर्ने ठाउँहरू इंगित गर्न सक्नेछन् । एकचोटी यसरी ठाउँहरू निश्चित भएपश्चात् रोबोट आफै त्यो ठाउँसम्म पुग्नेछ र नयाँ गन्तव्य इंगित नगरेसम्म उक्त ठाउँमा नै घुमिरहन्छ । यसरी आफ्नो गन्तव्य पुग्ने क्रममा रोबोटले अगाडि कुनै बाटो छेकिने वस्तुहरू भेटे त्यसलाई छलेर जान सक्छ ।

साथै अगाडि कुनै मान्छे भेटेमा रोबोटले बाटो छोड्न स्पिकरमार्फत अनुरोध पनि गर्छ । 'रोबोटमै रहेको क्यामेराले आफू वरपर रहेको वातावरणलाई निरीक्षण गर्छ र एआई टेक्नोलोजीमार्फत अगाडि मान्छे आए थाहा पाउँछ', टोलीमा संलग्न नेकका सहप्राध्यापक रुपेश दही श्रेष्ठले भने ।

यसरी रोबोट बनाउँदा मुख्य सदस्यहरूबाहेक कलेजमा कार्यरत सुमन प्रजापति, ज्ञानभक्त महर्जन, सुशील श्रेष्ठलगायतको पनि उलेख्य भूमिका रहेको सहप्राध्यापक सचिन श्रेष्ठले बताए । एआई टेक्नोलोजीको प्रयोग भएकाले यसमा आवश्यकताअनुसार थुप्रै फिचर्स पनि सजिलै थप्न सकिनेछ ।



*'एक पटक टुक्क सधैंलाई ढुक्क' अभियानमा टाइफाइडविरुद्धको खोप लगाउँदै काठमाडौंकी एक बालिका । आगामी १८ वैशाखसम्म जारी रहने अभियानमा १५ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई खोप लगाइँदै छ ।*

**तस्बीर : विजय तामाङ**

# मिथिलामा कांग्रेस र एमालेबीच नै टक्कर










**द नेपालटप**
जनकपुरधाम

स्थानीय तहको निर्वाचनको तयारीलाई लिएर उम्मेदवार बन्न चाहनेहरूको दौडधुप सुरु भइसकेको छ । चुनाव नजिकिएसँगै पालिकाहरूमा हरेक दलबाट उम्मेदवार बन्न हानथाप सुरु भएको छ ।

एक उपमहानगरपालिका, ११ नगरपालिका र ६ गाउँपालिकासहित १८ वटा पालिका रहेको धनुषामा पनि चुनावी सरगर्मी बढेको छ । धनुषा जिल्लाको १८ पालिकाहरूमध्ये एक हो, मिथिला नगरपालिका । मिथिला नगरपालिकाको नेतृत्व पाउनका लागि विभिन्न दलबाट एक दर्जनभन्दा बढी आकाङ्क्षीहरू देखिएका छन् ।

२०७४ को स्थानीय निर्वाचनमा नेकपा एमालेबाट नगरप्रमुखमा हरिनारायण महतो र उपप्रमुखमा एमालेकै तारा लामा विजयी भएका थिए । मिथिला नगरपालिकामा साङ्गठनिक हिसाबले नेपाली कांग्रेस मजबुत रहे पनि काङ्ग्रेसबाटै विद्रोही उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएपछि एमालेले त्यसको लाभ लिएको थियो ।

नगरपालिकामा नेपाली कांग्रेस, नेकपा एमालेपछि नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) अन्य प्रतिस्पर्धात्मक दलका रूपमा छन् । विगतको चुनावको तथ्यांकलाई केलाउने हो भने आउने निर्वाचनमा समेत नेपाली कांग्रेस र नेकपा एमालेबीच नै कडा प्रतिस्पर्धा हुने देखिन्छ ।

मजबुत साङ्गठनिक अवस्थाका बाबजुद आफ्नै पार्टीबाट विद्रोही उम्मेदवार भएका कारण भोगेको पराजयको चोट कांग्रेसलाई अझै छ । सो निर्वाचनमा राजकुमार महतो कांग्रेसका आधिकारिक उम्मेदवार थिए भने राजाराम महतोले स्वतन्त्र उम्मेदवारी दिएका थिए । कांग्रेससँग नेकपा माओवादी केन्द्रले उपप्रमुख लिएर तालमेल गरेको थियो । पछिल्लो निर्वाचनमा एमालेको नगरप्रमुखका उम्मेदवार हरिनारायण महतो ६ हजार ७४० मत ल्याएर विजयी भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी राजकुमारले ५ हजार १७८ ल्याएका थिए भने राजाराम ३ हजार ५०३ मत ल्याउन सफल भएका थिए । एमाले अहिले ३ टुक्रामा विभाजित भएपछि त्यसको लाभ पनि यसपटक कांग्रेसलाई हुने अनुमान गरिएको छ ।

### १ दर्जन बढी अकांक्षी, कांग्रेसमा र ाजलालको चर्चा

एमालेबाट अगामी निर्वाचनमा वर्तमान नगरप्रमुख हरिनारायण महतो फेरि अकांक्षी देखिएका छन् । पार्टीले टिकट दिने निर्णय गरे आफू फेरि नगरप्रमुख पदमा लड्ने महतोले बताए । उनी आफूलाई एक्लो दाबेदार भन्न रुचाउँछन् ।

उनको दाबीका बाबजुद उपप्रमुख तारा लामा, रामकुमार महतो र टङ्कप्रसाद बराल पनि अहिले अकांक्षी देखिएका छन् ।

सबैभन्दा बढी अकांक्षी नेपाली कांग्रेसमा देखिएको छ । पछिल्लो निर्वाचनमा पराजित भएका राजकुमार महतो अहिले पनि अकांक्षी हुन् । उनी शेखर कोइराला निकट नेता हुन् ।

विमलेन्द्र निधि निकट राजलाल महतो अर्का प्रबल दाबेदार छन् । धनुषा कांग्रेस नेता निधिको गृह जिल्ला रहेकाले राजलालले नै टिकट पाउने सम्भावना प्रबल मानिन्छ । राजलाल आम जनताका माझमा लोकप्रिय नेता मानिन्छन् । यसपटक मिथिलाको वातावरण राजलालका लागि अनुकूल मानिन्छ । यी २ बाहेक बुधेश्वर महतो, महेन्द्र महतोलगायतका समेत अकांक्षी देखिएका छन् ।

त्यस्तै नेकपा माओवादी केन्द्रबाट रामकुमार महतो र जगेश्वर महतो नगरप्रमुखका लागि अकांक्षी हुन् । पार्टीको निर्णयलाई आफूले मान्ने, पार्टीले जसलाई अवसर दिए पनि आफूलाई मान्य हुने रामकुमारले बताए । पार्टीबाटै उम्मेदवारको अन्तिम टुंगो लाग्ने उनको भनाइ छ ।

नेकपा एकीकृत समाजवादी पार्टीबाट पनि २ जना आकाङ्क्षी देखिएका छन् । मिथिला नगरपालिकामा एमालेभन्दा शक्तिशाली रहेको दाबी गरिरहेको एकीकृत समाजवादीमा सोमप्रसाद शर्मा र सूर्य पुडासैनी आकाङ्क्षी हुन् । शर्माले आफू मेयर पदको आकाङ्क्षी रहेको बताए । म अतिरिक्त पुडासैनीले पनि सो पदमा इच्छा जाहेर गरेको शर्माको भनाइ छ ।

जनता समाजवादी पार्टीबाट मेयर पदमा एक मात्र आकाङ्क्षी चन्द्रेश्वर महतो देखिएका छन् । उनी जसपाका त्यस क्षेत्रका प्रभावशाली नेता हुन् । पार्टीभित्र आफूलाई नै मेयर पदमा लड्नुपर्ने दबाब बढेकाले आकाङ्क्षी बन्नुपरेको उनी बताउँछन् ।

## राम जन्मोत्सव विशेष

# जनकपुरधाममा भव्य बनाउने तयारी

**द नेपालटप**
जनकपुरधाम



जनकपुरधाममा रामनवमी पर्व आज धूमधामका साथ मनाइँदै छ । भगवान रामको जन्म चैत शुक्ल नवमी तिथिकै दिन भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा रामनवमी पर्व विशेष उत्साहका साथ मनाइने गरिन्छ । जनकपुरधाममा भगवान् रामको ससुराली भएकाले पनि यहाँ यस पर्वको विशिष्ट महत्त्व रहेको छ ।

रामनवमी पर्वको अवसर पारेर जानकी मन्दिरले विशेष तयारी गरेको छ । जानकी मन्दिरमा चैते दशैं र राम जन्मोत्सवको अवसर पारेर भारतको गोवर्द्धन मठका निश्चालानन्द सरस्वती शंकराचार्यले प्रवचन दिने कार्यक्रमको आयोजना गरिएको छ । जहाँ हजारौं श्रद्धालु भक्तजनहरुको सहभागिता रहने अनुमान गरिएको छ । शंकराचार्य निश्चालानन्द सरस्वती महाराज शनिबार जनकपुरधाम आइसकेका छन् । आइतबार उनले प्रवचन दिने कार्यक्रम रहेको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए ।

यसका साथै जनकपुरधामस्थित राम मन्दिरमा समेत रामनवमी पर्वको अवसरमा तयारी गरिएको राम मन्दिरका महन्थ राम गिरीले जानकारी दिए । राम मन्दिरमा हुने रामनवमी पूजाको सम्पूर्ण तयारी गुठी संस्थानले गर्दै आइरहेको छ । आज मध्याह्न १२ बजे भगवान् रामको जन्मोत्सवको अवसरमा विधिविधानअनुसार पूजा अर्चना गरिने र आजै साँझ बधाई गानसहित झाँकी र गीत नादसमेत हुने राम मन्दिरका महन्थ गिरीले बताए ।

राम नवमीको अवसरमा भारत र नेपालका सयौं साधु सन्त सहभागी हुने गर्छन् ।

गत २ वर्षदेखि कोरोना महामारीका कारण रामनवमी पर्व प्रभावित हुँदै आइरहेको थियो । तर यस वर्ष नेपाल रेल्वे यात्रुहरुलाई सेवा दिन शुरु गरिसकेकाले श्रद्धालु भक्तजनहरु ठूलो संख्यामा जनकपुरधाम आउने विश्वास गरिएको छ ।

### रामको ऐतिहासिकता

चैत महिनाको शुक्ल पक्षको नवमी तिथिका दिन भगवान् रामको जन्म भएको थियो । अगस्त्यसंहिताका अनुसार चैत शुक्ल पक्षको नवमी तिथिका दिन पुनर्वसु नक्षत्र, कर्क लग्नमा जब सूर्य अन्य ५ ग्रहको शुभ दृष्टिका साथ मेष राशिमा रहेको समय भगवान् श्रीरामको जन्म माता कौशल्याको गर्भबाट भएको थियो ।

भारतस्थित चेन्नईको एक गैरसरकारी संस्था भारत ज्ञानले वर्षौंको अनुसन्धानपश्चात् रामको जन्म ५११४ ईसापूर्व १० जनवरीमा भएको दाबी गरेको छ । भगवान् रामको मिथिलासँग सम्बन्ध प्रगाढ छ । उनको विवाह मिथिला नरेश जनकको पुत्री सीतासँग भएको थियो । भगवान् राम विवाहका लागि विश्वामित्र ऋषिसँगै जनकपुरधाम आएका थिए । जानकीसँगको पहिलो भेट गिरिजा स्थानमा भएको थियो, स्वयम्बर रंगभूमि मैदानमा र विवाह मणि मण्डपमा भएको अवशेषहरु अहिले पनि मिथिलामा छ । सीताराम‌सँग सम्बन्धित ती स्थललाई भक्तहरु श्रद्धापूर्वक हेर्छन् ।

मिथिलाको कणकणमा सीताराम छन् । जनकपुरमा मात्र नभई पूरै मिथिलाञ्चलमा कुनै उत्सव भयो कि सीतारामको गुणगानबिना त्यो उत्सव पूर्ण नै हुँदैन ।

जनकपुरधामस्थित जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णव भन्छन्, 'मन्दिरमा हरेक समय हुन्छु, मलाई सीताराम यही छन् भन्ने अनुभूति भइरहेको हुन्छ ।' यस्तै स्थिति मिथिलाञ्चलको हरेक स्थलमा हुने गरेको उनको भनाइ छ ।

# दुर्घटनाको उच्च जोखिममा मुख्य सहर

**राकेश यादव**
रौतहट

रौतहट जिल्ला, पूर्व–पश्चिम राजमार्गको चन्द्रपुरदेखि गौरसम्म गएको एक वर्षको अवधिमा ९१ वटा ठूला दुर्घटना भए । जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारीअनुसार यसबीचमा ४८ जनाले ज्यान गुमाए । ११२ जना घाइते भए ।

अहिलेको प्रतिस्पर्धात्मक समय सवारी साधनको आवश्यकता अत्यधिक बढको छ नै । यो आवश्यकतासँगै सावधानी अपनाउन चुक्दा मानवीय क्षति पनि उत्तिकै बढेको छ ।

सरोकारवाला निकाय बढ्दो जनसङ्ख्यासँगै बढेको सवारी चापलाई दुर्घटनाको एउटा प्रमुख कारण ठान्छन् ।

साथमा सवारी साधन प्रयोगकर्ताको थप लापरबाही, नियमन गर्ने निकायको बेवास्ता र जनचेतनाको अभाव दुर्घटनाका थप कारण बनेका छन् ।

पछिल्ला केही दिनको घटनाक्रमलाई हेर्दा चन्द्रपुर नगरपालिका पूर्व–पश्चिम राजमार्गमा र बजार क्षेत्रको अवस्था डरलाग्दो नै छ । यी क्षेत्रमा दिनहुँ जस्तो दुर्घटना हुने गरेका छन् ।

कमजोर कानुन

स्थानीयवासी नै भने दुर्घटनाबाट आर्थिक, भौतिक नोक्सानीले स्थिति भयावह हुँदा त्यसलाई नियन्त्रण गर्ने प्रभावकारी प्रयास हुन नसकेको गुनासो गर्छन् ।

दुर्घटना निम्त्याउने र कमजोरी गर्नेको हकमा राज्यले ट्राफिक प्रशासनलाई २०० देखि १ हजारसम्म जरिवाना मात्र तोकेको छ ।

दुर्घटना गराउने लाइसेन्सवाला चालक ज्यान लिँदासमेत धरौटीमा छुट्ने गरेको गुनासो धेरैको छ ।

'लाइसेन्स, सडकमा सांकेतिक ट्राफिक चिह्न र जरिवाना प्रभावकारी नहुँदा दुर्घटना बढेको पाइन्छ', जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख ज्ञानकुमार माझीले भने, 'सडक विभाग तथा स्थानीय निकायको सडक मर्मतमा ध्यान नजानु, प्रहरी र ट्राफिकसँगै राज्यको कारबाही नीति फितलो भएकाले समस्या बढेको हो ।' दुर्घटना कम गर्न र सवारी चापबाट जोखिम घटाउन सवारीको व्यवस्थापन, सडकको निर्माण र मर्मत तथा गुणस्तर विस्तार गरी सडक नीति बनाएर ट्राफिक नियमलाई पाठ्यक्रमको विषयका रूपमा विकास गरिनुपर्ने उनले बताए ।

पार्किङ व्यवस्थापन र सडकको अवस्था नसुध्रेसम्म सवारी दुर्घटना कम नहुने स्थानीयहरूले बताउँछन् । सडक छेउछाउमा लाग्ने हाटबजारलाई न्यूनीकरण नगरेसम्म दुर्घटना कम नहुने स्थानीयवासी बताउँछन् ।

# सुदूरपश्चिम जसपा रुष्ट

**द नेपालटप**
धनगढी

सुदूरपश्चिम प्रदेशमा जनता समाजवादी पार्टी (जसपा)ले गठबन्धनबाट बाहिरिने जनाएको छ । सत्तारुढ ५ दलीय गठबन्धनमध्येको एक घटक जसपाले सुदूरपश्चिममा गठबन्धन तोड्ने जनाएको हो ।

प्रदेश सरकारमा आफ्नो पार्टीलाई बेवास्ता गरेको भन्दै गठबन्धनबाट बाहिरिने तयारी गरिएको जसपा सुदूरपश्चिमका एक नेताले बताएका छन् । शुक्रबार सुदूरपश्चिम सरकार पुनर्गठन हुँदा कांग्रेसका २ मन्त्री र १ राज्यमन्त्री थपिए पनि जसपालाई सहभागी गराइएको छैन । सरकारमा सहभागी नगराएको भन्दै उनीहरू रुष्ट भएका हुन् ।

५२ जना प्रदेशसभा सदस्य रहेको सुदूरपश्चिम प्रदेशमा जनता समाजवादी पार्टी (जसपा)का तर्फबाट १ जना प्रदेशसभा सदस्य छन् । यसअघि सुदूरपश्चिम प्रदेश सरकारमा माओवादी र एकीकृत समाजवादी पार्टीमात्रै सहभागी थिए ।

कांग्रेसले सरकारमा सहभागी नगराए गठबन्धन नमान्ने भनेपछि कांग्रेसले २ मन्त्री र १ राज्य मन्त्री पाएको थियो ।

शनिबार नै जसपाका सुदूरपश्चिम प्रदेश संयोजक कृष्णकुमार चौधरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेस एक्लै लड्न सक्षम छ । आवश्यक परे जनताको विकास विषयमा तालमेल मिलेमा बाहिरको कुनै पनि घटकसँग सहकार्य गर्दै अगाडि बढ्न सक्छ ।'

## नायकवाडा र भुरचौरको कथा

# आयोजना सुरु भएको ३६ वर्षपछि काम सुरु

**द नेपालटप**
जाजरकोट

जाजरकोटको पूर्वीक्षेत्रमा रहेका २ ठूला आयोजना निर्माण कार्य सुरु भएको ३६ वर्षपछि कामको सुरुवात भएको छ । बारेकोट गाउँपालिका– ४ र ५ मा रहेको नायकबाडा सिँचाइ योजना २०४२ सालमा कामको सुरुवात भएको थियो भने अको भेरी नगरपालिकाको भुरचौरमा रहेको भुरचौर सिँचाइ आयोजनाको निर्माणका लागि समितिले अध्ययन गरिरहेको छ ।

भुरचौरको सिँचाइ योजना २०४३ सालमा सुरु भएर बीचमै अलपत्र परेको थियो । नायकवाडाको सिँचाइ आयोजना तत्कालीन वन सहायक मन्त्री दीपबहादुर सिंहको पालामा सुरु गरिएको भए पनि बीचमै काम रोकिएको थियो । यी दुवै आयोजना निर्माण गर्नका लागि पहल नहुँदा रोकिएको अवस्थामा रहेका थिए ।

कर्णाली प्रदेशका जलस्रोत तथा ऊर्जा विकास मन्त्री गणेशप्रसाद सिंहले २३ माघमा पद बहाली गर्दा यी २ आयोजना निर्माण गर्न आयोजनाको अवस्था पत्ता लगाउन एक समिति गठन गर्न निर्देशन दिँदै कामको सुरुवात गरेको थिए । अध्ययन समितिले नायकबाडा सिँचाइ आयोजनाको काम गर्न सकिने भनेको निष्कर्ष निकालेको छ ।

भुरचौर सिँचाइ आयोजनाबारे विस्तृत अध्ययन जारी रहेको बताइएको छ । शुक्रबार मात्र कर्णालीका जलस्रोत तथा ऊर्जा विकास मन्त्री गणेशप्रसाद सिंहले सातै प्रदेशका र संघीय सरकारको बीचमा प्रस्तावित सिँचाइ नीतिमाथिको छलफलको क्रम्मा यी २ आयोजनाका विषयमा लिखित



प्रस्ताव राखेका थिए । वर्षेनी नयाँनयाँ योजनाहरु प्रस्ताव हुने तर काम बीचमै छोडेर जाने कार्यले जारी कामहरु अलपत्र परेको भन्दै पुराना आयोजना सकिएपछि मात्र नयाँमा जानुपर्ने अन्तरक्रियामा सहभागीले जोड दिएका थिए । आयोजना छनोट गर्दा वस्तुवादी र लगानी उठ्ने हुनुपर्नेमा जोड दिइएको थियो ।

कर्णालीको रिर्पोट खास धरातलबाट आएको भन्दै ऊर्जा तथा जलस्रोत मन्त्री पम्फा भुलासले उच्च प्रशंसासमेत गरेकी थिइन् । नायकवाडा सिँचाइ योजना निर्माण भएमा यहाँका २ वडाहरुको भारी जमिनमा सिञ्चित हुनेछन् । वर्षेनी खाद्यान्न झेल्ने बारेकोटमा यो सिँचाइ योजनाले उत्पादनमा वृद्धि गरी आर्थिकरूपमा बलियो बनाउने स्थानीयबासी जनकबहादुर शाहीले जानकारी दिए ।

अहिले आकाशे पानीको भरमा नायकवाडा, मैनालगायतका ठाउँमा खेती हुँदै आएको छ । धानबाली लगाउँदा आकाशे पानी हेरेर मात्र रोपाइँ हुने गरेको छ । बारेकोट गाउँपालिकाको सबैभन्दा बढी खेतीयोग्य जमिन नायकबाडामै रहेको छ ।

लगानी धेरै लग्ने भएपछि यो आयोजना बीचमै अलपत्र परिएको बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए । करिब १२ किलोमिटर लामो नहर बाट नायकबाडामा पानी लिनुपर्ने अवस्था रहेको छ । प्रतिनिधिसभा सदस्य तथा पूर्वगृहमन्त्री शक्तिबहादुर बस्नेतको समेत यो आयोजनामा विशेष चासो रहेको छ ।

## सम्पादकीय

# आचारसंहिता कार्यान्वयन गर

स्थानीय निर्वाचन सफलताका साथ सम्पन्न गर्न निर्वाचन आयोगले शुक्रबारदेखि आचारसंहिता लागू गरेको छ । स्थानीय निर्वाचनका लागि मत खसाल्न मात्र ३५ दिन बाँकी रहँदा निर्वाचन आयोगले आचारसंहिता लागू गरेको हो । आयोग आफैले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन निर्वाचन आचारसंहिता लागू गरिएको बताएको छ । निर्वाचन समयावधि निकै छोटो, दलहरूको तयारी निकै कम, कुनै पनि दलको वर्चस्व नरहेको र सम्भव भएसम्म निर्वाचन केही समयपछि धकेल्ने दलहरूको मनसायका कारण आचारसंहिता लागू हुँदाका बखतसम्म पनि निर्वाचनको माहोल भनेको जस्तो बनिसकेको छैन । दलहरूबाट निर्वाचन प्रचारका काम सुरु त भएका छन्, तर उभारमा आउन सकिरहेका भने छैनन् । विगतमा भन्दा यस पटकको निर्वाचन आचारसंहितामा निर्वाचन ऐनमा उल्लिखित केही 'बोल्ड प्रोभिजन' कार्यान्वयनमा ल्याइएका छन् । जनप्रतिनिधिले उम्मेदवारी दोहऱ्याउन चाहेमा राजीनामा दिएर मात्र उम्मेदवारी दिनुपर्ने, आफ्ना कार्यकालमा कार्यान्वयनमा लगिएका कार्यक्रमको आर्थिक फरफारक गरिसक्नुपर्ने, तडकभडक र देखासिकीमा कमी गर्ने जस्ता कुराहरूले दलहरूलाई केही झस्काए र तर्साए पनि । उम्मेदवारीपूर्वराजीनामाको कुरा अदालतमा पुगेकाले विचाराधीन अवस्थामा छ ।

> दलका जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवं निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने संहिताले निर्देशन गरेको छ

जे होस् अब स्थानीय निर्वाचन रोकिन सक्ने अवस्था छैन । त्यसैले पनि लागू गरिएको आचारसंहितालाई सबैले पालना गरी अघि बढ्नुको विकल्प छैन । निर्वाचनको मुखैमा आएर आचारसंहिताको उल्लङ्घन कसैका लागि पनि क्षम्य हुने देखिँदैन । आचारसंहिता सबैका लागि समान हुन्छ र यसको कार्यान्वयन समानरूपमा गरिनु जरुरी हुन्छ । यसका लागि विद्युतीय प्रचार सामग्रीमा केही कडाइ पनि गरिएको देखिन्छ । विद्युतीय सञ्चार माध्यममा विचार राख्न, प्रचारप्रसार गर्न, सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्न नपाइने व्यवस्था गरिएको छ । यसका साथै, गलत, भ्रामक सूचना प्रवाह गर्न, गराउन वा झूटा साइट, एकाउन्ट सञ्चालन गर्न वा कसैको चरित्र हत्या हुने गरी व्यक्तिगत लाञ्छना लगाउन निषेध गरिएको छ । यसको अर्थ राजनीतिक दल वा उम्मेदवारले आफ्नो निजी वा आधिकारिक पेजमा आफ्नो सिद्धान्त, विचार, प्रतिबद्धता र कार्ययोजना राखी प्रचारप्रसार गर्न पाउने कुरामा रोक भने लगाइएको छैन ।

बरु दल वा उम्मेदवारको निर्वाचन चिह्न अङ्कित ज्याकेट, कमिज, भेस्ट, टी–सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता साङ्केतिक सामग्री उत्पादन, बिक्री वितरण वा प्रदर्शन गर्न/गराउन नहुने गरी रोक लगाइएको छ । दलका जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवं निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने संहिताले निर्देशन गरेको छ । आचार संहितामा उल्लेखित यी कुराहरु कुनै पनि राजनीतिक दल, तिनका उम्मेदवार वा उनीहरुको प्रचार प्रसार कार्यक्रमका लागि बाधक नभएको र सबैका लागि समान भएकाले आचारसंहिताको कार्यान्वयनमा सबै लागिपर्नुपर्छ ।

## मेरो मत

# महँगीले सेकियो नेपालीको भान्सा

नेपाली भान्सामा रोटी, तरकारी पकाइने तेल युरोपबाट आउने रहेछ भन्ने अब त सर्वसाधरणले पनि बुझे । यो खुशी र दुःखको कुरा पनि हो । आफुले दैनिक भान्सामा प्रयोग गर्ने उपभोग्य वस्तु कहाँबाट आउँदा रहेछन् भनेर थाह पाउनु राम्रो कुरा पनि हो ।

अर्को भनेको दैनिक परनिर्भर हुँदै जानु र विदेशीको साँझ बिहानको खाने कुरामा पनि बन्धक बन्दै जानु नराम्रो कुरा पनि हो । नेपालीले जीवन व्यवहारमा भोगेको धेरैमध्ये यो एउटा दृष्टान्त हो ।

लडाइँ युरोपमा भइरहेको छ । युक्रेन र रुस लडिरहेका छन् । महँगी नेपालमा बढिरहेको छ । केही दिन पहिलेसम्म एक लिटर तेलको मूल्य ३२५ रुपैयाँ थियो भने त्यो अहिले बढेर ३८५ रुपैयाँ पुगिसकेको छ ।

यसले नेपालीको भान्सामा हरिबिजोग निम्त्याएको छ । बजार छोइनसक्नु हुँदै गएको छ । व्यापारीले उभपोक्ताबाट सकेसम्म मूल्य वृद्धि गरेर पैसा असुल गरिरहेका छन् ।

बजार सरकार र सरकारी निकायको नियन्त्रणभित्र छैन । त्यसैले सरकार बढिरहेको महंगी टुलुटुलु हेरेर बसिरहेको छ । उपभोक्ताको ढाड सेक्नेगरी व्यापारीले मूल्य असुल गरिरहँदा उपभोक्ता पनि चूपचाप छन् ।

बजार अनुगमनको जिम्मा पाएको नियामक निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग अहिले निदाएको छ । व्यापारीले मनपरी मूल्य लिंदा अनुगमन पनि गरिरहेको छैन । कुनै बेला व्यापारीले फाल्न नसकेका कुहिएका खाने कुरा फाल्ने बाहेक अरु काम यसले गर्न सकेको छैन ।

राष्ट्रिय उपभोक्ता मञ्चले पनि भाषण गर्ने मञ्च पाउन सकिरहेको छैन । मानिस 'टेन्सन'मा छन् । तन्द्रामा छन् । अनि निराश र हतास पनि । उपभोक्ताका मौलिक हक र अधिकारका कुरा एकादेशका कथा बनिसके ।

*शान्तराम सिञ्जाली, शिवपुरी*

# माधव होइन माओवादीसँग तालमेल

**मधेस प्रदेशदेखि हालै काठमाडौं आउनुभयो । तपाईं त एमालको मधेस इन्चार्ज पनि । के छ त्यहाँ एमालेको स्थिति ?**

मधेस प्रदेश एमालेमय छ । मैले भनिरहनु भन्दा पनि तपाईंले त्यहाँका नागरिकलाई सोध्दा थाहा हुन्छ । म त भन्छु,– २०७४ स्थानीय तह निर्वाचनमा भन्दा अहिले बढी स्थापित भएको छ, एमाले ।

**कसरी ?**

त्यसको परिणाम ३० वैशाखमा हुने निर्वाचनले देखाउँछ, एमाले मधेसमा स्थापित छ कि विस्थापित छ भनेर ।

**एमाले त विभाजित अवस्थामा छ । तत्कालीन वरिष्ठ नेता माधवकुमार नेपाल खेमा अलग भएको छ । ५ दलीय गठबन्धन बनाएर एमालेविरुद्ध निर्वाचन लड्दै छ । यस्तो अवस्थामा पनि बलियो ?**

नेपाली जनताले होइन, केही नेताहरूले नेकपा एमाले कमजोर भयो भनेर बुझेका छन् । एमालेले आफ्नो असली औकात निर्वाचनमा देखाउँछ । एमालेले असली औकात २०७४ मा पनि देखाइसकेको छ । त्यतिबेला झण्डै बहुमत ल्याएकै हो । नेकपा (माओवादी केन्द्र)ले चुनावी मोर्चा बनाउँदा सूर्य छापबाट लडेको भए दुई तिहाइ निर्वाचनमा प्रष्ट ल्याउँथियौं ।

**तर, २०७६ मंसिरमा उपनिर्वाचन हुँदा त मतदाताले एमाले जितेको ठाउँमा कांग्रेसलाई जिताए, कांग्रेसले जितेको ठाउँमा एमालेलाई जिताए । मतदाताले विकल्प खोज्दा रहेछन् नि ?**

रवीन्द्र अधिकारीजीको हेलिकोप्टर दुर्घटना भएर दुःखद् निधन भएपछि त्यहाँ भएको उपनिर्वाचनमा उहाँको श्रीमतीलाई उठाएर हामीले जितायौं । अन्य ठाउँ पनि जित्यौं । धरान उपमहानगरपालिका गुमायौं होला । मलाई त्यस्तो लाग्दैन कि एमालेले धेरै उपनिर्वाचनमा गुमायो भनेर । र, त्यो गम्भीर विषय पनि होइन ।

त्यसबेला हामी भर्खर सरकारमा थियौं । जनताको बहुदलीय जनवाद (जबज)लाई मार्गनिर्देशक सिद्धान्त स्वीकारेर सरकार त्यहीअनुसार चलाइरहेका थियौं ।

हाम्रो सरकारले आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, परराष्ट्र मामिलादेखि हरेक क्षेत्रमा नयाँ आयाम दियो । विकास गऱ्यौं । त्यो नेपाली जनताले देखेका छन् । बुझेका छन् । यही कारण जनतालाई आत्मविश्वास बढेको छ कि, यो देशलाई विकसित पार्छ भने एमालेले पार्छ । नेपाली जनताको आर्थिक स्थिति माथि ल्याउन सक्छ भने त्यो नेकपा एमालेले सक्छ र त्यसको नेता केपी शर्मा ओली हो । ओलीको जुन दूरदृष्टि छ, त्यो नेपाली जनताले देखिसके र हामी बहुमत ल्याउँछौं ।

**बहुमतसहित ठूलो दल भएर सत्ता चलाउँदा ससद् विघटन गर्नेरहेछ र प्रतिपक्षी दल हुँदा संसद् चल्न नदिँदोरहेछ भन्ने एमालेमाथि आरोप छ । त्यस्तो देखियो पनि ... ?**

त्यो परिस्थितिको कारक एमाले अध्यक्ष केपी शर्मा ओली होइन ।

**प्रचण्ड हुन् त ?**

म त्यही कुरामा आउँदै छु । हामीले एकता गर्दैगर्दा पवित्र भावनाले गरेका थियौं । नेपाली जनताको मुक्तिको लागि एकता गरेका थियौं । देशको प्रत्येक क्षेत्रलाई विकसित बनाउन एकता गरेका थियौं । तर, प्रचण्डजीहरूको एकता गर्नुको छुट्टै उद्देश्य थियो । त्यो हो– पार्टी कब्जा गर्ने । एकताको नाममा एमालेमा जुन असन्तुष्ट समूह थियो, त्यो समूहलाई हातमा लिने र केपी शर्मा ओलीलाई घोक्रेठ्याक लगाएर बाहिर निकालिदिने ।

**त्यसमा प्रचण्ड हो ?**

सफल हुनुभएन । प्रयास गर्नुभयो । आंशिक सफल हुनुभयो । कहाँ चाहिँ सफल हुनुभयो भने माधवकुमार नेपालीहरूलाई लानुभयो । अहिले माओवादी र माधव नेपालीजीको पार्टी दुईवटा देखिए पनि भित्रिरूपमा एउटै हो ।

**अनि, नेपाल नेतृत्वमा एमालेबाट एउटा खेमा अलग हुँदा त एमालेले निर्वाचना क्षति बेहोर्छ होला नि होइन ?**

मैले भनिहालें नि, हामीले २०७४ सालको स्थानीय निर्वाचनमा जति सिट ल्याएका थियौं नि, ३० वैशाखमा हुने विर्नाचनमा त्यो भन्दा बढी ल्याएर देखाइदिन्छौं ।

हो, धेरै राजनीतिक विश्लेषण गर्नेहरूलाई लागेको होला– एमाले कमजोर भयो । तर, हामी हिजोभन्दा आज बलियो भएका छौं । हिजोभन्दा बढी जनतामा स्थापित भएका छौं ।

**उसो भए ५ दलविरुद्ध प्रतिस्पर्धा गरेर एमाले फेरि पहिलो दल बन्छ त ?**

५ दलले गठबन्धन किन बनाउनुपऱ्यो, एमाले कमजोर भएको भए ? हुने नै पहिलो दल हो एमाले ।

**गठबन्धन त एमालेलाई 'साइज'मा ल्याउने भन्दै छ ?**

जहिले पनि एमालेले प्रधान शत्रूको रूपमा कांग्रेसलाई हेर्थ्यो । माधवकुमार नेपाल आफैं १५ वर्ष पार्टी प्रमुख भएर एमाले चलाउनुभयो । १५ वर्षमा पनि उहाँको व्याख्यामा प्रधान शत्रू कांग्रेस भन्ने थियो ।

तर, आज 'मेरो अपमान भयो । मेरो सम्मान भएन । त्यस कारणले एमाले पार्टीमा रहिरहन कुनै औचित्य छैन' भनेर प्रचण्डजीसँग तालमेल मिलाएर अलग हुनुभयो । यो माधव नेपालको 'राजनीतिक आत्महत्या' हो ।

र, एमाले गठबन्धनले भने जस्तो प्रतिगमनकारी शक्ति होइन । प्रतिगमनकारी शक्ति त नेपाली कांग्रेस हो । त्यो शक्तिसँग किन माधव नेपाल भाइ कांग्रेस बन्न जानुभयो ? किन प्रचण्डजी भाइ कांग्रेस बन्न जानुभयो ? किन वामपन्थी नेता केपी शर्मा ओलीभन्दा दक्षिणपन्थी नेता शेरबहादुर देउवा प्यारो लाग्यो ? किन कांग्रेसको पुच्छर भएर जानुभयो ? पुच्छरको काम थाहा छ तपाईंलाई ? पुच्छरले झिँगा धपाउने काम गर्छ ? झिँगा बस्यो भने थबक्कै धपाउँछ ।

**तर, कांग्रेससँग मिलेर एमालेलाई सरकारदेखि धपायो त !**

... त्यो भन्दा पनि अब कांग्रेसले कहीँ ओत लाग्दा जितिहाल्छ कि भनेर हो । त्यो उहाँहरूको कुरा हो । र, हामी एउटा राष्ट्रवादी शक्ति हौं । हिजो थियौं र आज पनि छौं । हामी चुनाव जित्छौं । एमाले कमजोर छैन ।

**पटकपटक एमाले बलियो भनेर तर्क गर्नुभयो । देशभरको ७५३ स्थानीय तहमध्ये १०० भन्दा कम मत अन्तरले एमालेले जितेको स्थानीय तह ३३ वटा हो । र, १०१ देखि ५०० मत अन्तरले जितेको १०३ वटा छ । यो गणितलाई आधार मान्दा त नेपालको पार्टीले एमालेलाई ठूलै क्षति पुऱ्याउन सक्ने देखिन्छ त ?**

त्यो गणितले खास असर गर्दैन । किनभने २०७४ को स्थानीय निर्वाचनमा पनि कांग्रेस, माओवादी, र केही ठाउँमा फोरम मिलेर चुनाव लडेकै हो नि एमालेविरुद्ध । माओवादी त कांग्रेससँग ठूलो भाग खान तालमेल गरेर चुनाव लडेको हो ।

जहाँसम्म माधव नेपालको पार्टीको कुरा गर्नुभयो, जनता विनाको पार्टी हो उहाँको पार्टी । त्यो निर्वाचनको 'रिजल्ट'ले देखाउँछ । यदि कांग्रेसको सहारा नपाउने हो भने देशमा कुनै एक वार्डमा पनि खाता खोल्दैन ।

**नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले त एमालेले दुई तिहाइ त होइन, २ देखि ३ ठाउँ जित्छ भनिसक्नुभयो ।**

उहाँ हाम्रो आदरणीय नेता हो । एमाले अध्यक्ष भइसक्नु भएको छ । उहाँको बारे के धेरै टिकाटिप्पणी गरुँ र ? यति भन्छु, उहाँले उल्टा भन्नु भएको छ । त्यो पनि कतिबेला भने जतिबेला कांग्रेससँग साँठगाँठ भएको छ । होला, २/४ ठाउँमा माधवकुमार नेपाल समूहले जितिहाल्छ कि कांग्रेसको भर पायो भने । होइन भने मैले भनें त, वडामा त के वडा सदस्यमा पनि विजयी भएको भए तपाईंले भन्नुहोला मैले कुन प्रकारले आत्मालोचना गर्नुपर्छ भनेर । म गर्छु ।

जहाँसम्म मधेसको कुरा छ । तपाईंलाई लेखेर दिन्छु, २०७४ मा जति सिट ल्यायौं, त्यो भन्दा धेरै सिट ल्याउँछौं ।

**धेरै भनेको कति ? एमाले त मधेसमा पाँचौं दल हो ।**

हो । तर, जनप्रतिनिधिको आधारमा कुनै पार्टीभन्दा हामी कमी छैनौं ।

**तपाईंहरूभन्दा त एकीकृत समाजवादी बलियो छ हैन र मधेसमा ?**

उहाँहरू कुन छापबाट जितेर आउनुभयो ? अब म तपाईंलाई भन्छु कि कांग्रेसको बलमा पनि उहाँहरूले संघीय संसद्मा खाता खोल्न सक्नुहुन्छ ? गाउँघरमा कतै खाता खोल्नुभयो भने खोल्नुभयो । माधव नेपालले जित्नुहुन्छ एक्लै ? कांग्रेसले समर्थन गऱ्यो, माओवादी र फोरमले सहयोग गऱ्यो भने भन्न सक्दिनँ । तर, एक्लै नेपाल समूहले कहीँ पनि जित्न सक्दैन ।

**एमाले पनि गठबन्धनको तयारीमा छ । गठबन्धन कोसँग गर्ने ?**

हामी राष्ट्रियस्तरमा गठबन्धन गर्दैनौं ।

**स्थानीयस्तरमा गर्नुहुन्छ ?**

एमालेसँग मन मिल्ने पार्टी फेला पऱ्यो भने स्थानीयस्तरमा गठबन्धन गर्न निर्देशन दिन सक्छौं । सकभर हामी एक्लै अगाडि बढ्छौं ।

**मन मिल्ने पार्टी चाहिँ राप्रपा, राप्रपा नेपाल, नेमकिपालगायत हो ?**

नेमकिपा हाम्रो सहयोगी राजनीतिक शक्ति हो । वामपन्थी आन्दोलनमा उहाँहरूको योगदान छ । होला, विसर्जनवादी र परम्परागत सोच । ८०/९० वर्षदेखि कम्युनिस्ट पार्टीको एउटा धार समात्नुभयो होला । यो उहाँहरूको कुरा हो । तर, त्यही वापमन्थी शक्तिसँग सहकार्य गर्न खोज्नु नराम्रो होइन ।

**राप्रपा र राप्रपा नेपालसँग चाहिँ ?**

जहाँसम्म राप्रपाको सांगठानिक शक्ति १/२ ठाउँमा होला । देशभर स्थापित छैन । र, त्यो सम्भावना पनि छैन । जहाँसम्म स्थानीयस्तरमा कुनै जिल्लामा राप्रपाको राम्रो छ भने एमालेको स्थानीय कमिटीले तालमेल गर्छ भने त्यहाँ कुनै आपत्ती हुँदैन ।

**एमाले राजतन्त्र चाहँदैन । राप्रपा चाहन्छ । एमाले हिन्दु राष्ट्र चाहँदैन । राप्रपा चाहन्छ । यसरी सैद्धान्तिक र वैचारिक लाइन नै नमिलेको पार्टीसँग कसरी स्थानीय तहमा हुन्छ एमालेको चुनावी गठबन्धन ?**

राप्रपा यो देशमा जनताको बीचमा स्थापित शक्ति होइन, अघि मैले भनें । खासखास ठाउँमा व्यक्तिको प्रभावले स्थापित छ । जस्तो–नेपालगञ्जमा धवलशम्शेर राणाजीको प्रभावले राप्रपा छ । व्यक्तिगत रूपमा राणाजीलाई चिन्छन् जनताले । त्यसैले व्यक्तिको प्रभावलाई कुनै राजनीतिक सिद्धान्तसँग जोड्नु उपयुक्त हुँदैन । जहाँजहाँ ठीक 'पोजिसन' छ राप्रपाको, त्यहाँत्यहाँ निर्वाचनमा तालमेल गर्न चाहन्छ भने हामी गर्छौं ।

**तालमेल गर्ने नै भए तालमेलको प्रक्रिया कहाँ पुग्यो ? ५ दलीय गठबन्धनले त चुनावी कमाण्डर तोकिसक्यो ?**

हाम्रो राष्ट्रिय तहमा गठबन्धन गर्ने नीतिगत निर्णय छैन । व्यावहारिक रूपमा जहाँ मिल्न सकिन्छ, त्यहाँ यो अपवित्र गठबन्धनलाई टक्कर दिन सकिन्छ, त्यहाँ गठबन्धन हुन्छ ।

**९ वैशाख आउन लाग्यो । त्यस दिन एमालेले घोषणापत्र जारी गर्ने भन्ने छ । घोषणापत्रमा मूलभूतरूपमा समेटिने एजेण्डाहरू के–के हुन् ?**

अहिले घोषणापत्र सबै भनूँ सम्भव छैन । मूलभूत रूपमा देशको आर्थिक स्थितिलाई कसरी उठाउने ? देशको भौतिक विकास कसरी गर्ने ? सामाजिक सुरक्षा र सामाजिक सेवाको क्षेत्रलाई कसरी व्यवस्थित र सुलभ गर्ने ? यी विषयहरु समेटिन्छन् ।

**'समृद्ध नेपाल र सुखी नेपाली' राष्ट्रिय आकांक्षा भन्दै एमाले अध्यक्ष केपी शर्मा ओली आउनु भएको छ । पहाडमा भ्यु टावर र मधेसमा गेट बनाएर उहाँको राष्ट्रिय आकांक्षा पूरा हुन्छ ?**

काठमाडौंमा त्यसबेलाका शासकहरूले धरहरा किन बनाउने काम गरे भ्यु टावरको रूपमा ? जहाँबाट पूरै काठमाौंमा देखिने र पर्यटन व्यवसाय अगाडि बढ्छ भनेर होइन ? पर्यटनको सम्भावना भएको २/४ ठाउँमा भ्यु टावर बनाउनुथियो, बनायौं । के भयो र ?

**अघिल्लोपटक एमालेले काठमाडौंमा निर्वाचन जिते मेट्रोरेल र मोनोरेल कुदाउने भनेको थियो, घोषणापत्रमा । जित्यो तर कागजमा चाहिँ कुद्यो होइन रेल ?**

कागजमा मात्र कुदेको होइन । नेकपाको सरकारको पालामा मै थिएँ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री । पूर्व–पश्चिम रेल्वे मार्ग मापदण्डमा आधारित रहेर डीपीआर पूरा भयो । काम सुरू भयो । बर्दिवासदेखि निजगढसम्म कामै सुरु भयो ।

**काठमाडौंमा के भयो त ? कुद्यो रेल ?**

म भन्दैछु त । भन्न त दिनुहोस् । काठमाडौं–केरुङ रेलको काम बढाउन र दुई देशबीचमा पर्यटन आदानप्रदान होस्, सस्तोमा सामान ओसारपसार होस् भनेर हामीले योजना बनायौं । श्रद्धेय अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला चीन जानुभयो । त्यहाँ हामीले रेल्वेसम्बन्धी योजनाको सम्झौत गऱ्यौं । सही गर्ने नेपाल सरकारको तर्फबाट मै थिएँ । अहिले डीपीआरको प्रक्रियामा पुग्यो । हामीले ५ वर्षमा कुदाउने भनेको रेल कुदाउन नसकेको साँचो हो ।

**फेरि भोट दिनुहोस्, हामी मेट्रोरेल, मोनोरेल कुदाउँछौं भन्न लाज लाग्छ कि लाग्दैन एमालेलाई ?**

के को लाज ? विकास भनेको ५ वर्षमै हुन्छ ?

**जनताले एमालेले ढाँट्यो त भन्छन् होला नि ?**

कसरी ? जनतालाई विश्वास छ कि यो देशमा केही गर्छ भने नेकपा एमालेले नै गर्छ ।

**फेरि निर्वाचनकै एउटा प्रसङ्ग । एमालेले माओवादी केन्द्र र एकीकृत समाजवादीसँग तालमेल गर्न सक्छ ?**

सम्भावनालाई नकार्न सकिँदैन । अहिले तत्काल सम्भावना नभए पनि अर्को निर्वाचनमा हुन सक्छ ।

**अर्को पटक भनेको संघ र प्रदेश निर्वाचनमा ?**

हो । तालमेल नहोला भन्न सकिँदैन । हुन सक्छ । हेरौं, त्यसबेलाको अवस्था के हुन्छ । कसैले सोचेको थियो र २ पार्टीबीच एक्कासी एकता हुन्छ भनेर ? भयो त । तर, अहिले माओवादी एउटा प्रतिक्रियावादी खेमामा पुगे पनि, दक्षिणपन्थी खेमामा पुगे पनि, कम्युनिस्ट आन्दोलनको विरुद्धमा पुगे पनि राजनीतिक रूपमा माओवादीलगायत वामपन्थी र प्रगतिशील पक्षसँग तालमेलको सम्भावना जहिले रहन्छ । तर, माधवकुमार नेपाल पक्षसँग रहँदैन ।

*प्रस्तुतीः जङ्ग तामाङ*



**रघुवीर महासेठ**
सचिव,नेकपा एमाले

> गाउँघरमा कतै खाता खोल्नुभयो भने खोल्नुभयो । माधव नेपालले जित्नुहुन्छ एक्लै ? कांग्रेसले समर्थन गऱ्यो, माओवादी र फोरमले सहयोग गऱ्यो भने भन्न सक्दिनँ । तर, एक्लै नेपाल समूहले कहीं पनि जित्न सक्दैन

# अपेक्षा पूरा नगरेपछि कमान्डर परिवर्तन

**एजेन्सी**
किभ

रुसले युक्रेनसँगको युद्धमा अपेक्षाकृत सफलता पाउन नसेकेको ठहर गरेको छ। यसैकारण युक्रेनमा आफ्नो सैन्य नेतृत्वलाई समेत पुनर्गठन गरेको छ। जनरल अलेक्जेन्डर दिभोर्निकोभलाई युक्रेनमा रुसी सैनिक गतिविधिको नेतृत्व गर्ने सम्पूर्ण जिम्मेवारी दिइएको छ।

यसअघि युक्रेनका विभिन्न क्षेत्रमा छुट्टाछुट्टै रुसी कमान्डरले युद्ध चलाइरहेका थिए। जनरल दिभोर्निकोभसँग सिरियामा रुसी कारबाहीमा राम्रो अनुभव रहेको पश्चिमा अधिकारीहरूले बताएका छन्।

नाम नबताउने स्रोतलाई उद्घृत गर्दै जनाइएअनुसार यसअघि दिभोर्निकोभ रुसको दक्षिणी सैन्य जिल्लाका कमान्डर थिए। युक्रेन आक्रमणमा खटिएका विभिन्न इकाइसँग संयोजन सुधार्ने प्रयत्न स्वरूप नयाँ कमान्डर खटाइएको बताइएको छ।

अपेक्षाअनुसार सैनिक लक्ष्य हासिल गर्न नसकेको र किभजस्ता मुख्य सहरमा पनि नियन्त्रण जमाउन नसकेका कारण अहिले रुसी सेना पूर्वको डोनबास क्षेत्रमा केन्द्रित हुनुपरेको समेत समाचारमा जनाइएको छ। किभमा अपेक्षाकृत सफलता नपाएको रुसी सेनाले पूर्वी युक्रेनमा गोलाबारी तीव्र पारेसँगै युक्रेन सरकारले सर्वसाधारणलाई लुहान्स्कबाट सुरक्षित क्षेत्रमा जान अनुरोध गरेको छ।

सो क्षेत्रमा ठूलो सङ्ख्यामा रुसी फौज परिचालन भएका छन्। सो क्षेत्रका सहर र गाउँमा अझै ३० प्रतिशत बासिन्दा रहेको रोयटर्स समाचार संस्थाले जनाएको छ।

रुसले पूर्वी युक्रेनको दोनबासमा आफ्नो हमला तीव्र पारेको विवरण सार्वजनिक भइरहेका बेला सरकारले त्यहाँ खाली गर्न सर्वसाधारणलाई अनुरोध गरेको हो।

युद्ध जारी रहेकै समयमा अन्तर्राष्ट्रिय निकायले युक्रेनप्रति सद्भाव राख्ने तथा रुसलाई लगाइने प्रतिबन्धमा अझ कडाइ गर्न थालेका छन्। यसै क्रममा बेलायतले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका छोरीहरूलाई प्रतिबन्धको सूचीमा राखेको छ। रुसले युक्रेन हमला गरेको भन्दै बेलायतले पुटिनका छोरीहरूलाई प्रतिबन्धको सूचीमा राखेको हो।

बेलायतले पुटिनकी छोरी कातेरिना तिखोनोभा र मारिया भोरोन्तोभा, विदेश मन्त्री सर्गेई लाभरोभकी छोरी सर्गेइभना विनोकुरोभाको सम्पत्ति रोक्का गर्ने घोषणा गरेको हो। तीनै जनालाई यस साताको सुरुमा अमेरिकाले प्रतिबन्ध लगाएको थियो। रुसी राष्ट्रपतिका भित्री वृत्तका मानिसहरूलाई प्रतिबन्ध लगाउने पहलस्वरूप बेलायतको पछिल्लो कदम आएको हो। युक्रेनमा रुसले हमला सुरु गरेपछि बेलायतलगायत पश्चिमा देशहरूले मस्कोमाथि प्रतिबन्ध लगाउँदै आएका छन्। यसैबीच, युक्रेन राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको अनुरोधमा अस्ट्रेलियाले युक्रेनमा सशस्त्र सैन्य ट्रकहरू पठाएको छ। रुसी हमलाविरुद्ध सशक्त प्रतिकार गर्न युक्रेनलाई २० वटा सैन्य ट्रक पठाउने प्रतिबद्धताअनुसार अस्ट्रेलियाले ३ वटा ट्रकहरू पठाएको हो।

अस्ट्रेलियाले पठाएका शक्तिशाली बुसमास्टर युद्धग्रस्त क्षेत्रमा सेना र सर्वसाधारण पठाउन प्रयोग गरिनेछ। तर, तिनीहरूलाई आक्रामक हमलाका लागि भने प्रयोग गरिनेछैन।

जेलेन्स्कीले गत साता अस्ट्रेलियाको संसद्लाई भिडियो सम्बोधन गरेका थिए। युक्रेनलाई गरेको निरन्तर सहयोगप्रति जेलेन्स्कीले अस्ट्रेलियालाई धन्यवाद दिएका थिए। रुसी हमला सामना गरिरहेको युक्रेनले विभिन्न देशहरूसँग सैन्य सहयोग मागेका छन्। उनले विभिन्न देशका संसद्लाई भर्चुअल माध्यममार्फत सम्बोधन गर्दै आएका छन्।

अस्ट्रेलियाले युक्रेनलाई सैन्य तथा मानवीय सहायता स्वरूप १९० मिलियन अस्ट्रेलियाली डलर प्रदान गरेको छ।

यसैगरी, किभ–युक्रेनमा रुसी आक्रमणपछि अस्थायीरूपमा पोल्यान्डबाट गर्दै आएको आफ्ना कूटनीतिक कार्य पुनः राजधानी किभबाट गर्ने युरोपेली युनियनले जनाएको छ। ईयूको पछिल्लो कदमले युक्रेन सरकारसँग ईयूको अन्तरक्रियालाई बढाउने र युक्रेन नागरिकहरूलाई सहयोग गर्ने शीर्ष कूटनीतिज्ञ जोसेप बोरेलले विश्वास व्यक्त गरे।

युक्रेनमा रुसले २४ फेब्रुअरीमा हमला गरेपछि केही पश्चिमा देशले आफ्ना कूटनीतिक नियोग बन्द गरेर कर्मचारीलाई स्वदेश बोलाएका थिए। रुसले आफ्नो हमला पूर्वी युक्रेनमा केन्द्रित गरेको छ। यसैबीच, युक्रेनमाथि आक्रमण गरेको ४४औँ दिन पुग्दा युद्धमा ठूलो क्षति बेहोरेको मस्कोले स्वीकार गरेको छ।

रुसले ह्युमन राइट्स वाच, एमनेस्टी इन्टरनेशनल र कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसलगायत दर्जन बढी अन्तर्राष्ट्रिय संस्थाहरूको स्थानीय कार्यालयहरू बन्द गरिरहेको छ।

रुसले फ्रेडरिक नौमन फाउन्डेसन फर फ्रिडम, फ्रेडरिक एबर्ट फाउन्डेसन, आगा खान फाउन्डेसन, डब्लुस्पोलनोटा पोल्स्का एसोसिएसन र अन्य संस्थाका स्थानीय कार्यालयहरू पनि बन्द गरेको छ।



## रुसबाट कोइला नकिन्ने जापानको घोषणा

**टोकियो/ एजेन्सी–** जापानले रुसबाट कोइला आयातमा पूर्णरूपमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ। जापानका प्रधानमन्त्री फुमिओ किशिडाले शुक्रबार यस्तो जानकारी दिएका हुन्। साथै उनले ८ रुसी कूटनीतिक अधिकारीलाई पनि देशनिकालाको घोषणा गरेका छन्।

किशिडाले रुसले निरन्तर आममानिसको हत्या गरेर अन्तर्राष्ट्रिय मानव अधिकारको उल्लंघन गरिरहेको विरोधमा रुसबाट आयात हुने कोइलामा पनि प्रतिबन्ध लगाउने निर्णय गरिएको बताएका हुन्। किशिडाले यो रुसको बिर्सिन नसकिने युद्ध अपराध रहेको उल्लेख गरेका हुन्।

जापानले अमेरिका र पश्चिमा मुलुकसँगको सहकार्यमा निरन्तर रुसमाथि प्रतिबन्धको घोषणा गरिरहेको छ। 'जपान युक्रेनको साथमा छ', किशिडाले भने। जापान भारत र चीनपछि कोइला आयात गर्ने विश्वको तेस्रो ठूलो मुलुक हो। जापानको समग्र कोइला आयातमा रुसको ११ प्रतिशतको हिस्सा छ।

# सोमालियामा खाद्य संकट

**एजेन्सी**
मोगादिशु

संयुक्त राष्ट्रसंघले सोमालियामा खाद्य संकट उत्पन्न भएको भन्दै सो समस्याको जोखिममा कम्तीमा पनि ६० लाख मानिस परेका बताएको छ।

खाद्य संकटका कारण उत्पन्न भएको समस्या तत्कालै टार्नका लागि संयुक्त राष्ट्रसंघले सहयोगको अपिल पनि गरेको छ। त्यहाँ केही समयदेखिको खडेरी तथा आन्तरिक द्वन्द्वका कारण खाद्य संकट परेको जनाइएको छ।

समयमा पानी नपरेका कारण देशव्यापी रूपमा सुख्खापन भएको समाचार पहिलेदेखि नै आएको थियो। अहिले भने यही अप्रिलदेखि



जुलाई महिनासम्ममा कम्तीमा पनि ६० लाख मानिस खाद्यान्न तथा अन्य आधारभूत आवश्यकताको अभावमा पर्ने समस्या देखिएको बताएको छ।

जसका कारण त्यहाँका ६० लाखभन्दा बढी मानिस प्रभावित भएका बताइएको छ। सो कुरा सोमालियामा रहेको मानवीय सहायतासम्बन्धी निकायले जानकारी दिएको छ।

मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसीएचए)का अनुसार सोमालियामा हालैका दिनमा देखिएको चरम खाद्य संकटले गर्दा लाखौँ लाख मानिस विस्थापित पनि भएका छन्।

यो वर्ष नै अप्रिलदेखि जुलाईसम्ममा ती नागरिकलाई खाद्य संकट पर्ने जनाइएको थियो। त्यहाँका अधिकारीले पहिलो कुरा त आवश्यक मात्रामा पानी नपरेका कारण उब्जनी नभएको बताएका छन् भने अर्कातर्फ आन्तरिक द्वन्द्वका कारण पनि मानिसहरुले खान पाएका छैनन्।

मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसीएचए)का सोमालियाका संयोजकले त्यहाँका कम्तीमा पनि ६० लाख नागरिकलाई तत्कालै खाद्य सहयोग उपलब्ध गराउनुपर्ने अवस्था रहेको यसअघि नै बताएका थिए।

सोमालियाको सरकारले संयुक्त राष्ट्रसंघीय अधिकारीहरुसँग परामर्श गरी त्यहाँ खडेरीका कारण खाद्य संकट पर्न गएको घोषणा गरेको थियो। सोही कारण संयुक्त राष्ट्रसंघीय मानवीय सहायतासम्बन्धी उक्त निकायले सहयोगका लागि विदेशी दातृसंस्था या देशहरुलाई आग्रह पनि गरेको बताइएको छ।

# श्रीलंकाली अर्थमन्त्री केही दिन काममै



**एजेन्सी**
**कोलम्बो**

चरम आर्थिक संकट एवम् अत्यावश्यक वस्तुको अभाव झेलिरहेको श्रीलंकामा अर्थमन्त्रीले आफ्नो जिम्मेवारीलाई निरन्तरता दिने जनाएका छन्।

यसै साताको शुरुमा नयाँ अर्थमन्त्रीको नियुक्ति पाएको २४ घण्टा नबित्दै राजीनामा दिएका श्रीलंकाली सत्तारूढ दलका सांसद अली सबरीले आफ्नो जिम्मेवारीलाई निरन्तरता दिने बताएका हुन्।

२६ मन्त्रीहरूले सामूहिक राजीनामा दिएपछि उनलाई गत सोमबार राष्ट्रपति गोताबाया राजपाक्षेले अर्थमन्त्री नियुक्त गरेका थिए। अर्थमन्त्रीको नियुक्ति पाएको एक दिनपछि सबरीले राष्ट्रपतिसमक्ष राजीनामा पेश गरेका थिए।

तथापि राष्ट्रपतिले उनको राजीनामा स्वीकृत नगरेको बताइएको छ। सबरीले शुक्रबार संसद्मा बोल्दै अर्थमन्त्रीको जिम्मेवारीलाई निरन्तरता दिने बताएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ।

अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्न धेरैले आनाकानी गरेको र राष्ट्रपति गोताबाया राजपाक्षेले सबरीको राजीनामा स्वीकृत गर्न नमानेपछि उनले आफ्नो जिम्मेवारीलाई निरन्तरता दिने बताएका हुन्। सबरीले भने, 'जस्तोसुकै चुनौती सामना गर्नुपरे पनि देशको अर्थतन्त्र बचाउन म अर्थमन्त्रीका रूपमा रहन र आवश्यक काम गर्न तयार छु।'


## मालपोत कार्यालय चितवन भरतपुरबाट प्रकाशित ३५ दिने सूचना

जिल्ला चितवन इच्छाकामना गाउँपालिका वडा नम्बर– ६ डाहाखानी बस्ने टेष्टकुमार गुरुङका नामका तपशीलबमोजिमको जग्गा दर्ता भई निज आफ्नो कालगतिबाट मिति २०५५/१०/१७ मा मृत्यु भएकोमा धनबहादुर गुरुङको नाममा नामसारी गरिपाऊँ भनी चितवन डाहाखानी– ६ बस्ने धनबहादुर गुरुङको यस कार्यालयमा निवेदन परी २०७८/१२/२० गतेको आदेशअनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यसमा निवेदकको मागबमोजिम नामसारी गरिदिनु नपर्ने कुनै कारण वा निजभन्दा अन्य कोही नजिकको हकवाला भए स–प्रमाण म्यादभित्र उपस्थित भई दाबी गर्न आउनुहोला। अन्यथा कानुनबमोजिम भइजानेछ। पछि कसैको उजुर–बाजुर लाग्नेछैन।

**तपशील**

| गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| साविक कविलास | ६ ङ | ९५ | ०–११–० | |

नोटः यसमा माथि उल्लेखित जग्गा इच्छाकामना गाविस वडा नम्बर– ६ निवासी भरतको नाति, भक्तबहादुर गुरुङको छोरा टेष्टबहादुर गुरुङको मृत्यु दर्ता प्रमाणपत्रमा बाजेको नाम धनराज गुरुङ भनी मृत्यु दर्ता प्रमाण पेस भएकाले जग्गा धनी प्रमाण पुर्जामा बाजे भरत रहेकाले अरू कहीँ कतै दोस्रो व्यक्ति वा हकदार भए म्यादभित्र सबुत प्रमाणसहित कार्यालयमा स्वयं उपस्थित भई दाबी विरोध गर्नुहोला। अन्यथा नामसारी भइजानेछ।

इति संवत् २०७८ चैत्र २० रोज १ शुभम्



## सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ

### बोलपत्र स्वीकृति आशयको सूचना

**प्रकाशित मिति : २०७८।१२।२७**

यस कार्यालयको मिति : २०७८।११।१२ गते र मिति : २०७८।११।२० गते पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनूसार देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेको हुंदा सो बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सात दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का न. | कामको बिवरण | न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता | न्युनतम मुल्याङ्कित कबोल रकम ( मु.अ.कर समेत ) |
|---|---|---|---|
| SHM/MOR/NC-B/W/38/2078/079 | Construction of Administrative Ward Office Building sundarharaicha – 03 | Udaya Nirman Sewa | रु ७६५३१४४.०६ (भ्याट समेत) ( रु छयाहत्तर लाख त्रिपन्न हजार एक सय चौवालिस रुपैया पैसा छ मात्र) |
| SHM/MOR/NC-B/W/39/2078/079 | Construction of Administrative Ward Office Building sundarharaicha – 11 | Siddhartha Nirman Sewa | रु ८०८९२०५.१९ (भ्याट समेत) ( रु असि लाख उनानब्बे हजार दुई सय पांच रुपैया पैसा उन्नाइस मात्र) |
| SHM/MOR/NC-B/W/40/2078/079 | Construction of R.C.C. Slab culvert, Jeet apanga marga Krishna mandir sundarharaicha - 12 | Sayapatri Multipurpose Company pvt ltd | रु २१०४८०५.०० (भ्याट समेत) (रु एक्काईस लाख चार हजार आठ सय पांच रुपैया मात्र) |
| SHM/MOR/NC-B/W/41/2078/079 | Construction of Blacktopped Road Works, Poudel Tole Sundarharaicha – 08 | Sayapatri Multipurpose Company pvt ltd | रु २९५२८८०.४३ (भ्याट समेत) (रु उनान्तीस लाख बाउन्न हजार आठ सय असि रुपैया पैसा त्रिचालिस मात्र) |
| SHM/MOR/NC-B/W/42/2078/079 | Construction of Blacktopped Road Works, Pacham Janta School and Panitanki to Kichhak Gadhi Sundarharaicha-01 | Hari Purnima Construction | रु ६४४२२९८.५२ (भ्याट समेत) (रु चौसठ्ठी लाख बयालिस हजार दुई सय अन्ठानब्बे रुपैया पैसा बाउन्न मात्र) |
| SHM/MOR/NC-B/W/43/2078/079 | Construction of RCC Slab Culvert Works Near Judi School Sundarharaicha-11 | Sayapatri Multipurpose Company pvt ltd | रु ३१६०७१३.५१ (भ्याट समेत) (रु एकतिस लाख साठी हजार सात सय तेह्र रुपैया पैसा एकाउन्न मात्र) |
| SHM/MOR/NC-B/W/44/2078/079 | Construction of Rcc Slab Culvert Works Wada karyalaya jane road Sundarharaicha-09 | Sayapatri Multipurpose Company pvt ltd | रु ३१७८२६२.६६ (भ्याट समेत) (रु एकतिस लाख अठहत्तर हजार दुई सय बैसठ्ठी रुपैया पैसा छैसठ्ठी मात्र) |

# अर्थतन्त्र








घडेरीको व्यापार : ललितपुरको लेले क्षेत्रमा भइरहेको जग्गा प्लटिङ ।

*तस्वीर : विजय तामाङ/टीएनटी*

# गभर्नर निलम्बनले उब्जाएको आशंका

## 'बाघ कराउनु बाखा हराउनु'



**राजु श्रेष्ठ**
काठमाडौं

समाचार टिप्पणी

सरकारले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गरेपछि आर्थिक क्षेत्रमा अन्योलता बढाएको छ । देशको अर्थतन्त्र संकटतर्फ धकेलिँदै गएको बेला एक्कासी गभर्नर निलम्बन हुँदा अब के हुन्छ भनेर अन्योलता बढाएको हो ।

सरकारको आर्थिक सल्लाहकार तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकका गभर्नर नेतृत्वविहीन हुँदा संकटपूर्ण अवस्थामा देशको अर्थतन्त्र कसरी अगाडि बढ्छ ? भन्ने प्रश्न उब्जिएको छ । गभर्नर अधिकारीले गरेका गल्तीबारे छानबिन समितिले सत्य तथ्य बाहिर ल्याउँला नै तर सरकारले जुन समयमा गभर्नर निलम्बन गऱ्यो त्यो उपयुक्त समय भने पक्कै होइन ।

निर्वाचनको सम्मुख सरकारको यो कदम विपक्षी दललाई भने गतिलो चुनावी नारा भएको छ । अर्कोतर्फ विदेशबाट भित्रिएको शंकास्पद रकममा अर्थमन्त्री जनार्दन शर्मा जोडिनु र लगत्तै गभर्नर अधिकारी निलम्बन पर्नुले 'बाघ कराउनु बाखा हराउनु' भन्ने उखानसँग मेल खाएको छ ।

सरकार विशेषगरी अर्थमन्त्री शर्मा र गभर्नर अधिकारीबीचको मतभिन्नता र अर्थमन्त्रीले गभर्नर अधिकारीमाथि लगाएका संगीन आरोप आगामी दिनमा के कसरी पुष्टि हुन्छ ? त्यो भविष्यमा नै स्पष्ट होला । तर, यतिबेला गभर्नर अधिकारीको गल्तीभन्दा पनि अर्थमन्त्री शर्माको शंकास्पद व्यवहार सतहमा देखिएको छ ।

शंकास्पद रकममा अर्थमन्त्री शर्माको नाम जोडिएकै दिन गभर्नर अधिकारी निलम्बनमा परेका छन् । त्यस्तै अघिल्लो दिन आफ्नै प्रस्तावमा निलम्बन भएका गभर्नरसँग अर्को दिन एउटै मञ्चमा पुग्ने, सार्वजनिक मञ्चबाटै आक्रोश पोख्ने र लगत्तै निलम्बनको खबर सार्वजनिक हुनुले अर्थमन्त्री शर्मा आफैं पनि शुद्ध छैनन् भन्ने संकेत गरेको छ ।

अघिल्लो सरकारका अर्थमन्त्री र गभर्नरबीचको मतभिन्नता पनि सतहमा आएको थियो । अर्थमन्त्रीले धेरै ठाउँमा धेरैपटक गभर्नरलाई होच्याउने तथा असहयोग गर्ने गरेकै थिए । यद्यपि, दुईतिहाई बहुमतको सरकारले गभर्नरलाई हटाउने हिम्मत भने गरेको थिएन । तर, यसपटकको गठबन्धन सरकारले त्यो दुस्साहस गरेको छ । यसले सरकारलाई राजनीतिक रूपमा नाफा घाटा के हुन्छ ? चुनावपछि देखिएला । तर, सरकारको बेमौसमी खेतीको असर अर्थतन्त्रमा नकारात्मक पर्ने सम्भावना बढी छ ।

गभर्नर अधिकारीबिना नेपालको वित्तीय प्रणाली अगाडि बढ्दैन । उनी यस क्षेत्रका अपरिहार्य व्यक्ति भएका कारण देशको अर्थतन्त्रमा असर पर्ने होइन । उनका पनि कयौं कमजोरी छन् । देशको वित्तीय प्रणालीलाई अनौपचारिक शैलीमा अगाडि बढाउन खोज्ने एकांकी प्रवृत्तिका व्यक्तिका देखा परेको थियो । देशको आर्थिक अवस्था अहिलेको अवस्थासम्म आइपुग्न उनको पनि मुख्य भूमिका छ । तर, अहिलेको अवस्थामा एकले अर्कोलाई दोष थोपारेर आफू चोखिने भन्दा पनि संकटका बेला सहकार्य गरेर समन्वय गर्नु बढी बुद्धिमानी हो ।

अर्थमन्त्री शर्माको यस कदमले गभर्नर अधिकारीका विगतका गल्तीलाई ढाक्ने काम गरेको छ । भोलिका दिन अधिकारीले कानुनी उपचार खोज्दा परिणाम जे आउला अहिले चाहिँ उनी चोखिएका छन् । सरकारको विनासकाले विपरित कदमका कारण 'ब्याक फायर' हुने भने निश्चित छ ।

बास्तवमा देशको अर्थतन्त्रलाई मार्गनिर्देश गर्ने प्रमुख अङ्ग अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र नेपाल राष्ट्र बैंकको नेतृत्व आलोकाँचो छ । ३ निकाय ३ तिर फर्किदा देशको आर्थिक क्षेत्रमा अन्योलतामात्रै होइन अराजकदता पनि देखा परेको छ । लहडका भर निर्णय गर्ने आफ्नो जिम्मेवारी, दायित्वभन्दा पनि 'मिडिया स्टन्ड' गर्ने प्रवृत्ति हुँदा समस्या समाधानभन्दा पनि समस्या झन् बल्झाउने कार्य भएको छ । यस विषयमा सरकार प्रमुख र गठबन्धन दलले विचार गर्नैपर्छ ।

# व्यक्तिगत श्रम स्वीकृतिमा जानेले स्वघोषणा गर्नुपर्ने

**काठमाडौं/टीएनटी–** सरकारले व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने व्यक्तिले स्वघोषणा पत्र अनिवार्यरुपमा भर्नुपर्ने भएको छ । वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने क्रम बढेपछि सरकारले यस्तो व्यवस्था गरेको हो ।

वैदेशिक रोजगार विभागका अनुसार तत्कालका लागि साउदी अरेबिया, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स (युएई), क्रोएसिया, अल्बानिया, पोल्यान्ड, रोमानिया, स्लोभाकिया, हङ्गेरी, माल्दोभा र बेलारुसमा भिजिट भिसा तथा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने व्यक्तिले अनिवार्यरूपमा स्वघोषणा पत्र भर्नुपर्नेछ ।

१ वैशाखदेखि उक्त व्यवस्था कार्यान्वयनमा आउनेछ । विभागले 'व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका–२०६९' अनुसार सो व्यवस्था लागू गरेको हो ।

अब व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, सर्त, सुविधा र तलब स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेस गर्नुपर्नेछ ।

त्यस्तै विभागले २ वैशाखदेखि संस्थागत श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्रै जारी गर्ने भएको छ ।
विभागले गत २ माघदेखि पुनः श्रम स्वीकृति पनि अनलाइनबाट प्रदान गर्दै आएको छ ।

# १ सातामै १ खर्ब १३ अर्ब गुम्यो



**द नेपालटप**
काठमाडौं

साताको अन्त्यमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा केही सुधार भए पनि साताभर नेप्से परिसूचक ७९ दशमलव ९५ अङ्कले घटेको छ ।

निरन्तर ओरालो लागेको नेप्से परिसूचक २ दिन मात्रै बढेको थियो ।

परिसूचकसँगै कारोबार रकम पनि अघिल्लो साताभन्दा घटेको छ । अघिल्लो साता २ करोड ६० लाख ६१ हजार कित्ता शेयर १३ अर्ब ४२ करोड ५७ लाखमा कारोबार भएको थियो । यस साता २ करोड २३ लाख ४९ हजार कित्ता शेयर ९ अर्ब ८३ करोड ४१ लाखभन्दा बढीमा कारोबार भएको हो ।

समग्र परिसूचक घट्दा यस साता लगानीकर्ताले १ खर्ब १३ अर्ब ५१ करोड ११ लाख रुपैयाँ बराबर गुमाएका छन् ।

गत साता नेप्सेमा सूचीकृत कम्पनीको समग्र पुँजीकरण ३६ खर्ब १२ अर्ब २७ करोड २२ लाख रुपैयाँ रहेकोमा यस साता ३४ खर्ब ९८ अर्ब ७६ करोड २३ लाखमा झरेको छ ।

त्यस्तै यस साता होटल तथा पर्यटन समूहबाहेक सबै समूहको सूचक घटेको छ ।

होटल तथा पर्यटन समूहको सूचक पनि जम्मा १ दशमलव ९१ प्रतिशत बढेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको सूचक ६ दशमलव ५५ प्रतिशतले घटेको छ ।

यसैगरी वित्त समूह ५ दशमलव १७ प्रतिशत, व्यापार समूह ४ दशमलव ५३ प्रतिशत, जलविद्युत् समूह ४ दशमलव १८ प्रतिशत, लगानी समूह ४ दशमलव १२ प्रतिशतले घटेका छन् ।

त्यस्तै जीवन बीमा समूह ४ दशमलव शून्य ३ प्रतिशत, अन्य समूह ४ दशमलव शून्य २ प्रतिशत, विकास बैंक समूह २ दशमलव २५ प्रतिशत, लघुवित्त समूह २ दशमलव ९८ प्रतिशत, बैंकिङ समूह १ दशमलव ८७ प्रतिशत, उत्पादन तथा प्रशोधन समूह १ दशमलव ४० प्रतिशत र म्युचुअल फन्ड समूह १ दशमलव शून्य ९ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

# लघुवित्त सम्मेलन हुँदै

**काठमाडौं/टीएनटी–** तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आगामी २८ र २९ चैतमा काठमाडौंमा हुँदैछ । सम्मेलनमा लघुवित्त कार्यक्रम सञ्चालन गरेका २०० वटा संस्थाबाट ६०० जना सदस्य तथा संस्था प्रतिनिधिको सहभागिता रहने छ ।

स्वाबलम्बन विकास केन्द्रको संयोजनमा आयोजना हुने सम्मेलनमा ७९ वटा लघुवित्त वित्तीय संस्था र १५० वटा सहकारी संस्थाले ७७ वटै जिल्लामा पुगेर लघुवित्त सेवा प्रदान गरी रहेको र उनीहरू सम्मेलनमा सहभागी हुने केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले बताए ।

अध्यक्ष श्रेष्ठका अनुसार लघुवित्त वित्तीय संस्थाहरुको मात्र ४ सय ३० अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी भएको र जसमध्ये ३ सय ७१ अर्ब रुपैयाँ खुद्रा र ६९ अर्ब थोक कर्जा प्रदायक लघुवित्त संस्थाले लगानी गरेका छन् ।

करिब ५४ लाख ५० हजार महिला तथा १ लाख ५० हजार पुरुषले यो सेवा प्राप्त गरेका छन् । देशभर ४ हजार ९६५ शाखामार्फत २३ हजार २८१ लघुवित्तकर्मी लघुवित्त सेवामा संलग्न रहेको दाबी संस्थाको रहेको छ ।

# टेलिकमद्वारा लाभांश पठाउन शुरू

**काठमाडौं/टीएनटी–** नेपाल टेलिकमले शेयरधनीको खातामा नगद लाभांश पठाउने प्रक्रिया शुरू गरेको छ । टेलिकमले शेयरधनीलाई २० प्रतिशत नगद लाभांश बैंक खातामा पठाउन शुरु गरेको हो ।

११ चैतसम्म डिम्याट खाता र बैंक खाता अद्यावधिक गरेका शेयरधनीको खातामा कम्पनीले लाभांश पठाउन शुरू गरेको छ ।

कम्पनीको बिहीबार २४ चैतमा सम्पन्न वार्षिक साधारण सभाले गत आर्थिक वर्षको नाफाबाट २० प्रतिशत बोनस शेयर र २० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको थियो ।

# यती एयरलाइन्सको बीमा अफर

**काठमाडौं/टीएनटी–** वायुसेवा कम्पनी यती एयरलाइन्सले नयाँ वर्ष २०७९ को अवसरमा बीमा योजना सार्वजनिक गरेको छ । कम्पनीले सानिमा जनरल इन्स्योरेन्ससँगको सहकार्यमा 'यती एक्स्ट्रा केयर' योजना ल्याएको हो ।

यस योजनामा कम्पनीको मोबाइल एप तथा वेबसाइटमार्फत टिकट खरिद गरी उडान गर्ने यात्रुले ३० दिन अवधिसम्मका लागि १ लाख रुपैयाँसम्मको दुर्घटना बीमाको सुविधा प्राप्त गर्न सक्नेछन् । १ वैशाखबाट लागू हुने यो योजनाअन्तर्गत यात्रुले जतिपटक यात्रा गऱ्यो त्यति नै पटक बीमा सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ ।

# उपत्यकाको गाडी भाडा पनि बढ्यो

**द नेपालटप**
काठमाडौं



अब ५ किलोमिटरको भाडा २० रुपैयाँ हुनेछ । १० किलोमिटरको २५ रुपैयाँ, १५ किलोमिटरको ३० रुपैयाँ, २० किलोमिटरसम्मको ३३ र २० भन्दामाथि ३८ रुपैयाँ भाडा

बाग्मती प्रदेश सरकारले सार्वजनिक यातायातको भाडा वृद्धि गरेको छ । १ वैशाखदेखि लागू हुने गरी भाडा वृद्धि गरेको हो ।

संघीय सरकारले अन्तर प्रदेश यातायात भाडा १०–१५ प्रतिशतले बढाएपछि प्रदेश सरकारले पनि भाडा वृद्धि गरेको छ । इन्धनको मूल्यवृद्धिसँगै सार्वजनिक यातायातको भाडा बढाउन दबाब परेको थियो ।

समायोजनपछि सार्वजनिक सवारी साधनको ५ देखि २० किलोमिटरसम्मको भाडादर २ देखि ३ रुपैयाँसम्म बढेको छ । काठमाडौं उपत्यकामा ५ किलोमिटरसम्मको दूरीका लागि २ रुपैयाँ बढेको छ भने २० किमिभन्दा बढीका लागि ३ रुपैयाँ बढेको छ।

नयाँ भाडाअनुसार ५ किलोमिटरको भाडा २० रुपैयाँ हुनेछ । १० किलोमिटरको २५ रुपैयाँ, १५ किलोमिटरको ३० रुपैयाँ, २० किलोमिटरसम्मको ३३ र २० भन्दामाथि ३८ रुपैयाँ यात्रुले भाडा तिर्नुपर्नेछ ।

त्यस्तै मालवाहक सवारीको भाडा १३ प्रतिशतले बढाइएको छ। ट्याक्सीको भाडादर पनि बढेको छ ।

नयाँ भाडादर अनुसार प्रति २०० मिटरको भाडा १० रुपैयाँ बनाएको छ। प्रतीक्षा शुल्क प्रतिमिनेट १ दशमलव २० रुपैयाँ तय भएको छ । तर, बढीमा ३० मिनेटसम्म मात्रै प्रतीक्षा गर्न पाइनेछ।रात्रिकालीन ट्याक्सीको भाडादर प्रति २ सय मिटर १३ रुपैयाँ तोकिएको छ।

यसअघि तराईको लामो दूरी २५० किलोमिटरभन्दा पक्की र ग्राभेड बाटोमा सञ्चालन हुने यात्रुवाहक बस, मिनिबसका लागि प्रतिकिलोमिटर प्रतिव्यक्ति २ रुपैयाँ ४३ पैसा कायम गरिएकोमा अहिले २ रुपैयाँ ६७ पैसा भाडादर कायम गरिएको छ । यस्तै यसअघि २५ किलोमिटरदेखि २५० किलोमिटरसम्म दूरीका पक्की र ग्राभेल बाटोमा सञ्चालन हुने यात्रुवाहक बस मिनिबसका लागि प्रतिकिलोमिटर २ रुपैयाँ ४९ पैसा कायम थियो भने अहिले वृद्धि गरेर २ रुपैयाँ ७४ पैसा भाडादर कायम गरिएको छ ।

सार्वजनिक मालबाहक सवारी (ट्रक) को तराई र पहाडतर्फ यसअघि प्रतिकिलोमिटर प्रतिटन क्रमशः ६ रुपैयाँ १५ पैसा र ११ रुपैयाँ ९४ पैसा भाडादरबाट ७ रुपैयाँ ७ पैसा र १३ रुपैयाँ ४९ पैसा कायम गरेको छ । सरकारले मालबाहक सवारीमा तराईमा १५ प्रतिशत र पहाडमा १३ प्रतिशत भाडा वृद्धि गरेको थियो ।

## सारसूचक

### प्रमुखले गाडी फिर्ता गरे

**संखुवासभा/टीएनटी–** संखुवासभाको पाँचखपन नगरपालिका प्रमुखले प्रयोग गर्दै आएको गाडी नगरपालिकालाई फिर्ता गरेका छन् । मेयर विपिन राईले प्रयोग गर्दै आएको को१भ ५४० नम्बरको स्कार्पियो गाडी फिर्ता गरेका हुन् । शुक्रबार गाडी र मोटरसाइकलको चाबी प्रमुख प्रशासकीय अधिकृत मणिराम खतिवडालाई हस्तान्तरण गरेका हुन् ।

स्थानीय तहको निर्वाचन नजिकिँदै जाँदा बहालवाला जनप्रतिनिधिले लोकप्रियता देखाउन आफूले प्रयोग गर्दै आएको गाडी फिर्ता गर्न थालेका छन् । निर्वाचन आचारसंहितालाई ध्यानमा राखी आफूले प्रयोग गर्दै आएको सवारीसाधन फिर्ता गरेको राईले बताए । प्रमुख राई गाडी फिर्ता गर्ने जिल्लाकै पहिलो जनप्रतिनिधि हुन् ।

### मसालको रक्तिम फुट्यो

**काठमाडौं/टीएनटी–** नारायण शर्माको अध्यक्षतामा ३१ सदस्यीय समिति गठन गरिएपछि नेकपा (मसाल) को सांस्कृतिक मोर्चा औपचारिक रुपमा विभाजित भएको छ । रक्तिमले शनिबार संवाद डबलीमा ३६औं स्थापना दिवस मनाउँदै शर्माको अध्यक्षमा नयाँ कार्यसमिति घोषणा गरेको हो ।

नयाँ समितिको उपाध्यक्षमा नीलिमा पुन, दलबहादुर विक र मानबहादुर भण्डारी रहेका छन् । त्यस्तै, महासचिवमा उदय रिजाल, सचिवमा धर्मदेव पन्त र शरद लामिछाने चयन भएका छन् भने कोषाध्यक्षमा डम्बर भण्डारी चयन भएका छन् । जनगायक जीवन शर्माको नेतृत्वमा २६ चैत २०४३ मा रक्तिम सांस्कृतिक अभियानको स्थापना गरिएको थियो । जीवन शर्माको पनि नयाँ समितिलाई समर्थन रहेको छ ।

### केचना–कञ्चनजंघा पर्यटन महोत्सव सुरू

*इलाम/टीएनटी–* मेची करिडोर क्षेत्र (इलाम, पाँचथर, ताप्लेजुङ र झापा)को पर्यटन प्रवर्द्धन गर्ने गरी इलाममा केचना–कञ्चनजंघा पर्यटन तथा चलचित्र महोत्सव शुक्रबार सुरु भएको छ ।

महोत्सवमा १ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको आयोजकको भनाइ छ । इलाम–झापा–पाँचथर र ताप्लेजुङ जिल्लाको पर्यटन क्षेत्रलाई नै सघाउ पुग्ने गरी इलाममा महोत्सवको आयोजना गरेको आयोजक समितिका संयोजक केशव घौरालीले बताए । २ वैशाखसम्म चल्ने महोत्सवमा ५५ वटा स्टल रहेको छ ।

# आमा समूहलाई बीउ पुँजी



**द नेपालटप**
खोटाङ

खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले २० आमा समूहलाई बीउ पुँजी रकम प्रदान गरेको छ । नियमित रुपमा मासिक बचत गर्दै आएका आमा समूहलाई नगरपालिकाले बीउ पुँजी घुम्ती कोष कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा १ लाख रुपैयाँका दरले रकम उपलब्ध गराएको हो । नगरपालिकाले गत वर्ष नियमित बचत गर्दै आएका १५ आमा समूहलाई बीउ पुँजी रकम प्रदान गरेको थियो ।

स्थापना कालदेखि हालसम्म जनही मासिक ५ रुपैयाँदेखि ५० रुपैयाँका दरले बचत गर्दै आपसमा ऋण लगानी गरिरहेका आमा समूहको प्रोत्साहनका लागि फिर्ता गर्न नपर्ने गरी बीउ पुँजी रकम थप गरिदिएको हलेसी तुवाचुङ नगरपालिकाकी उपप्रमुख विमला राईले बताइन् ।

नियमित बचत गर्दै आएका आमा समूहलाई आम्दानीमूलक क्षेत्रमा लगानी गर्न लगाउने र आयआर्जनमा टेवा पुऱ्याउने लक्ष्यका साथ आर्थिक वर्ष २०७८/०७९ को बीउ पुँजी घुम्ती कोष कार्यक्रमअन्तर्गत बीउ पुँजी उपलब्ध गराइएको हो ।

११ वडा रहेको नगरपालिकामा हाल १०५ आमा समूह छन् । त्यसमध्ये हालसम्म नगरपालिकाबाट कुनै पनि सेवा तथा कार्यक्रम नपाएका, १५ जनाभन्दा बढी संख्याको महिला आबद्ध भएको र कम्तीमा ५ वर्षसम्म निरन्तर क्रियाशील रहेको समूहलाई छनोट गरेर बीउ पुँजी रकम प्रदान गरेको हो ।

नगरपालिकाले उपलब्ध गराएको १ लाख रकम पनि आमा समूहको कोषमा मिसाएर बैंक बराबरको व्याजदरमा समूहकै सदस्यलाई ऋण लगानी गर्ने व्यवस्था मिलाइएको छ । बीउ पुँजी लिएपछि बाख्रा, बंगुर, तरकारी खेती लगायतका व्यवसाय सञ्चालनका लागि समूहका विपन्न महिलालाई प्राथमिकतामा राखेर ऋण लगानी गर्नुपर्ने शर्त छ ।

समूहबाट ऋण लिने व्यक्तिले ९ महिनादेखि १२ महिनाभित्र व्यवसाय सञ्चालन गरेर ऋण र ब्याज फिर्ता गर्नुपर्ने व्यवस्था गरिएको उपमेयर राईले बताइन् ।

# सप्तरीमा कोरोना सङ्क्रमित शून्य



**द नेपालटप**
सप्तरी

सप्तरीमा कोरोना सङ्क्रमितको संख्या शून्यमा झरेको छ । कोरोनाको तेस्रो लहरमा जिल्लामा कुल ४८ सङ्क्रमित भएकोमा शनिवारसम्ममा सबै निको भएका छन् ।

होम आइसोलेसनमा रहेका एक सङ्क्रमित पनि शनिवार निको भएपछि जिल्लामा सक्रिय सङ्क्रमितको संख्या शून्यमा झरेको हो । शनिवार शंका लागि स्वेच्छाले जाँच गराउन आएका ३ जनाको पनि रिपोर्ट निगेटिभ पाइएको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

सङ्क्रमित शून्यमा झरेपछि गजेन्द्रनारायण सिंह अस्पतालसहित जिल्लाका ९ स्थानमा रहेका सबै आइसोलेसन बेड खाली भएको उनले जानकारी दिए । उनले कोरोनाको जाँच कार्य जारी रहे पनि विगत एक साता यता कुनै सङ्क्रमित फेला नपरेको बताए ।

यद्यपि आवश्यक सुरक्षा सतर्कता र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना अझै जरुरी रहेको स्वास्थ्य कार्यालयको प्रमुख यादवको सुझाव छ ।

कोरोनाको तेस्रो लहरमा जिल्लामा ५ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्याङ्कले देखाएको छ ।

यस्तै जिल्लामा हालसम्ममा २ लाख २६ हजार ५११ जनाले कोभिड– १९ विरुद्धको खोप लिइएका छन् । जसमध्ये पूर्ण खोप लिनेको संख्या भने १ लाख ६ हजार २६६ रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# दबाबबीच जाग्यो अटेरी अभियान

**पोखरा/टीएनटी–** पोखराबाट सुरु भएको अटेरी अभियानअन्तर्गत स्थानीय तहको निर्वाचनमा मेयरदेखि वडाध्यक्षसम्मले आफ्नो दाबी पेस गरेका छन् ।

उनीहरूले शनिबार एक कार्यक्रमबीच पोखराको घोषणापत्र सार्वजनिक गरे । 'निधारमा पर्यटन, आँखामा शिक्षा र स्वास्थ्य, नाकमा सुशासन' नाराका साथ आउँदो ५ वर्षमा गर्ने काम सहितको अग्रिम घोषणा गरिएको हो । पोखरामा मेयरसहित १५ जनाले वडाध्यक्ष र सदस्य पदका लागि उम्मेदवारी घोषणा गरिसकेका छन् । यसबाहेक देशका विभिन्न पालिकाहरूमा पनि उम्मेदवारी दिने तयारीमा छन् ।

घोषणापत्र सार्वजनिक गरेपछि पोखराको मेयरमा उम्मेदवारी घोषणा गरेका गनेश पौडेलले दलका विचार बाहिरबाट पनि राजनीति गर्न सकिने बताए ।

'जसरी धार्मिक नभई आध्यात्मिक हुन सक्नु हुन्छ । त्यसरी नै राजनीतिक दर्शन विना राजनीति गर्न सकिन्छ,' उनले भने, 'हामीले पनि केही खास गरेको होइन । अटेर गरेको हो ।' उनले चुनावी प्रचारका लागि जनस्तरमा पुग्दा आफूहरूले गाली खानुपरेको सुनाए ।

घोषणापत्र सार्वजनिक कार्यक्रममा सहभागी हुन देशका विभिन्न ठाउँबाट अटेरी उम्मेदवारहरू पोखरामा भेला भएका छन् । सिद्धार्थ नगर नगरपालिकाको प्रमुखमा दाबी गरेकी ईसा खड्काले सचेत नागरिकको भूमिका आफूहरूले पूरा गरेको बताइन् ।

## घरभित्रै हुन्छन् ...

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७७/७८ का अनुसार देशभरका अदालतमा सबैभन्दा बढी मुद्दा सम्बन्ध विच्छेदका परेका छन् ।

अदालतको तथ्यांकअनुसार १ वर्षमा देशभर २७ हजार ४२५ वटा सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएका छन् । यीमध्ये १७ हजार ५६७ मुद्दा फैसला भए भने ९ हजार ८५८ वटा अझै विचाराधीन छन् ।

सर्वोच्च अदालतसम्म आइपुगेका सम्बन्ध विच्छेदका मुद्दा मात्र ४९ वटा विचाराधीन छन् । देशभरका उच्च अदालतमा ३३६ वटा सम्बन्ध विच्छेदका मुद्दा चलेका छन् ।

देशभरका सबै अदालतमा २६ हजार ७८५ वटा मुद्दा अघिल्लो आर्थिक वर्ष दर्ता भए । जसमा ९ हजार ५७३ मुद्दाको फैसला अझै बाँकी छ ।

सम्बन्ध विच्छेदपछि सबैभन्दा बढी मुद्दा अंशबन्डासम्बन्धी छ । देशभरका अदालतमा आर्थिक वर्ष २०७७/०७८ मा मात्र अंशबन्डासम्बन्धी २७ हजार २७८ वटा मुद्दा दर्ता भए । तीमध्ये १६ हजार ५४ वटा मुद्दाको अझै फैसला हुन सकेको छैन ।

अंशबन्डासम्बन्धी १ हजार ९०८ वटा मुद्दा सर्वोच्च अदालत आइपुगे । सर्वोच्चले तीमध्ये २६८ वटाको मात्र छिनोफानो गऱ्यो । अन्य मुद्दा सर्वोच्चमै अड्किएर बसेका छन् ।

जिल्ला अदालतमा मात्र अंशबन्डासम्बन्धी २३ हजार ३९४ मुद्दा दर्ता भएका छन् । जिल्ला अदालतको फैसला चित्त नबुझी अंशसम्बन्धी मुद्दामा उच्च अदालतमा पुनरावेदन गर्नेको संख्या २ हजार २१ छ । घरभित्र हुने विवादको भयावह दृश्य विवाहसम्बन्धी विवादमा पनि देखिन्छ ।

सर्वोच्च अदालतमा मात्र १३६ वटा विवाहसम्बन्धी मुद्दा आइपुगे । देशभर विवाहसम्बन्धी मुद्दाको संख्या ७५२ वटा छ । देशभरका अदालतमा अहिले पनि विवाहसम्बन्धी विवादका ४१७ मुद्दा विचाराधीन छन् ।

अदालतमा परिवारभित्रैबाट पर्ने अर्को मुद्दा हो मातृत्व र पितृत्व कायम गर्नेसम्बन्धी विवाद । सर्वोच्च अदालतमा यससम्बन्धी विवाद आइनपुगे पनि यस वर्ष उच्च र जिल्ला अदालतमा गरी ११४ वटा मुद्दा दर्ता भए ।

तीमध्ये ७ वटा मुद्दा उच्च अदालत आइपुग्यो । यस्ता मुद्दाको चाप जिल्ला अदालतहरूमा सबैभन्दा बढी देखिन्छ । अदालतका अनुसार १०७ वटा विवाद जिल्ला अदालत प्रवेश गरेकामा अझै ३३ वटा विवादमा फैसला हुन सकेको छैन ।

मातृत्व वा पितृत्वको सम्पत्ति रोक्का र फुकुवासम्बन्धी विवाद पनि अदालतमा उत्तिकै पर्ने गरेको देखिन्छ । देशभरका जिल्ला अदालतमा गरी २४ वटा यस्ता मुद्दा परेको सर्वोच्चको तथ्यांकले देखाउँछ । तीमध्ये २१ विवादमा अझै फैसला भएका छैनन् ।

धर्मपुत्र र धर्मपुत्रीसम्बन्धी विवाद पनि अदालतको ढोकासम्म आइपुग्ने गरेका छन् ।

देशभरका अदालतमा गरी १२ वटा यस्ता विवाद विचाराधीन अवस्थामै छन् । जब कि सर्वोच्चसम्मै यस्ता ५ वटा विवाद आएको देखिन्छ ।

परिवारभित्रैबाट सिर्जना हुने अर्को झगडा हो अपुतालीसम्बन्धी विवाद । यो विवादमा देशभरका अदालतमा ६०१ वटा मुद्दा दर्ता भएको देखिन्छ । तीमध्ये ४३१ वटा मुद्दा अझै फैसला कुरेर बसेका छन् ।

यस्तो मुद्दा सर्वोच्चसम्म आइपुग्ने क्रम पनि अस्वाभाविक देखिन्छ । सर्वोच्च अदालतमा मात्र एक वर्षको अवधिमा १०६ वटा मुद्दा आइपुगे । तीमध्ये सर्वोच्चले १९ वटा मुद्दामा मात्र न्याय दिन सक्यो । अन्य मुद्दा अझै विचाराधीन छन् ।

## प्रभावकारी देखिएन...

देशभरका अदालतले अघिल्लो आर्थिक वर्षमा मेलमिलापमा पठाइएका मुद्दामध्ये जम्मा २० प्रतिशतमा मात्र सफलता हात पारेको मेलमिलाप परिषद्ले जनाएको छ ।

परिषद्ले तयार पारेको मेलमिलापसम्बन्धी रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन नहुँदा र परिषद्लाई स्रोत अभाव हुँदा अदालतमा परेका मुद्दा मेलमिलाप विधिबाट टुंगो लगाउन नसकिएको परिषद्को भनाइ छ ।

## को बन्ला नेपाल...

**कसको पल्ला भारी ?**

आईजीपी बन्न सबै प्रतिस्पर्धीबीच कडा दौडधुप सुरु भएको छ । प्रहरी मुख्यालय स्रोतका अनुसार चारै जनाले आ–आफ्नो ठाउँबाट 'लबिइङ' गर्न सुरु गरिसकेका छन् ।

अहिले भएका एआईजीमध्ये वरीयतामा एआईजी पोखरेल अगाडि छन् । पोखरेलपछि थापा, सिंह र धानुक छन् । पोखरेललाई तत्कालीन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा संगठन व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) नगरी एकल प्रहरी नायब महानिरीक्षक (डीआईजी)बाट एआईजी बनाइएको थियो ।

त्यसपछि कार्यसम्पादनमा उत्कृष्ट रहेको ठहर गर्दै ओलीकै कार्यकालमा थापा एआईजीमा बढुवा भएका थिए । एआईजी पोखरेलपछि करिब ७ महिनाको फरकमा थापालाई एआईजी बनाइयो ।

यद्यपि, दुवै जनाको एआईजी बढुवा सिफारिस हुँदा नयाँ ओएन्डएम नभईकन दरबन्दी थपिएको थियो । जब कि सुरक्षा संगठनमा दरबन्दी बढाउने वा घटाउने विषयमा ओएन्डएम हुनुपर्ने कानुनी मान्यता प्रावधान छ ।

त्यसै गरी सिंह, धानुक र वसन्त पन्तलाई एक महिनाअघि देउवा सरकारले नयाँ दरबन्दी सिर्जना गरेर डीआईजीबाट एआईजीमा बढुवा गरेको थियो । एआईजी पन्तबाहेक यी चारैजना २९ चैत २०४९ मा प्रहरी निरीक्षक (इन्स्पेक्टर) बनेका थिए । पोखरेल सबैभन्दा अघि एआईजीमा बढुवा भएका हुन् । त्यसपछि थापा छन् । गत ५ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले एआईजीको ३ वटा दरबन्दी थप्ने निर्णय गरेको थियो । जसमा गृहमन्त्रालयले ३ जना डीआईजीहरु पन्त, सिंह र धानुकलाई एआईजीमा बढुवा सिफारिस गरेको थियो ।

सरकारले चाहेको व्यक्तिलाई आईजीपीमा ल्याउन पाउने भएकाले भावी आईजीपीका लागि ४ जना दावेदार बन्न पुगेका छन् । सिंह र धानुक एआईजीमा बढुवा भएसँगै आईजीपी बन्न चारै जनाबीच प्रतिस्पर्धा बढेको हो ।

एआईजी पन्त चाँडै अनिवार्य अवकाशमा जाने भएकाले उनी आईजीपीको दौडमा नरहेको प्रहरी स्रोत बताउँछ । नेपालमा प्रहरीमा अहिले एआईजीको संख्या ८ पुगेको छ ।

**प्राथमिकतामा सक्षम र योग्य**

प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो भन्दा पनि योग्य र सक्षम व्यक्तिलाई नेतृत्वमा ल्याउन निर्देशन दिएको स्रोतले जनाएको छ । अघिल्लो पटक देउवा नेतृत्वको सरकारले आईजीपी नियुक्तिमा चलखेल गरेको भन्दै सर्वत्र आलोचना भएको थियो । त्यही कारण निर्वाचनमा मुखमा आएर पुनः त्यस्तो गल्ती नदोहोरियोस् भनेर सक्षम व्यक्तिलाई आईजीपी बनाउन निर्देशनसमेत दिइसकेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

## शीर्ष नेताका...

सुनसरी कांग्रेसका निवर्तमान उपसभापति विजयकुमार गच्छदारको पनि गृह जिल्ला हो । कांग्रेसले त्यहाँ गठबन्धन गर्न चाहेको छैन । एक्लै निर्वाचन लड्दा पनि जितिने कांग्रेसको हिसाब छ ।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेको गृह जिल्ला पाँचथरमा पनि तालमेल गर्ने निर्णय भएको छैन । एक्लै निर्वाचनमा जाने पक्षमा कांग्रेस देखिएको छ । तर, पनि सहमहामन्त्री आङ्देम्बेले भने निर्वाचनमा तालमेल हुने बताएका छन् ।

'तालमेलको निर्णय हुन्छ । साथीहरू छलफलमा छन् । छलफल त गहन ढंगले गर्नुपऱ्यो नि', आङ्देम्बेले द नेपालटपसँग भने ।

गठबन्धनकै अर्को दल नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालको गृह जिल्ला इलाममा पनि तालमेल गर्ने निर्णय हुन बाँकी छ ।

जिल्लास्तरीय गठबन्धनका नेताहरू बसेर भने तालमेल गर्ने निर्णय गरिसकेका छन् । स्थानीय तहस्तरमा छलफल भइरहेको माओवादी केन्द्रका प्रदेश सांसद धिरेन्द्र शर्मा 'रमण'ले बताए ।

यो जिल्ला नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको गृह जिल्ला पनि हो । अन्य दलको गठबन्धन भए जिल्लामा एमालेप्रमुख प्रतिस्पर्धी दल हो ।

सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीको गृह जिल्ला भोजपुर, कांग्रेस निवर्तमान उपसभापति विमलेन्द्र निधि, सहमहामन्त्री महेन्द्र यादव, माओवादी प्रदेश इन्चार्ज गणेश साह, पूर्वमन्त्री मातृका यादवलगायत नेताको गृह जिल्ला धनुषामा पनि तालमेलबारे कांग्रेसको अरुचि छ ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको गृह जिल्ला रौतहट, जसपाका संघीय परिषद् अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, माओवादी नेता नारायणकाजी श्रेष्ठ, कांग्रेस नेता चीनकाजी श्रेष्ठको गृह जिल्ला गोरखा, कांग्रेस सहमहामन्त्री जीवन परियार, नेता शुक्रराज शर्मालगायत नेताको गृह जिल्ला कास्की र प्रकाशमान सिंहलगायत नेताको जिल्ला काठमाडौंमा पनि तालमेलबारे निर्णय नभएको हो ।

कांग्रेस काठमाडौं सभापति कृष्ण (सबुज) बानियाँले गठबन्धनका दलहरूको बैठक एक पटक बसेको र तालमेल गर्नेबारे बाँकी छलफल नभएको बताए ।

उम्मेदवारी दर्ता गर्ने समय आउन १५ दिन बाँकी छ । तर, गठबन्धनकै प्रभावशाली नेताहरूको जिल्लामा तालमेल गर्ने निर्णय गर्न आनाकानी भइरहेको छ । कांग्रेसको अरुचिका कारण गठबन्धन हुन नसकेको गठबन्धनका अन्य दलहरूको आरोप छ ।

**देउवा, प्रचण्ड, चित्रबहादुर केसीको जिल्लामा तालमेल**

स्थानीय तह निर्वाचनमा तालमेलको जोड गर्नेमध्येका एक नेता हुन्– प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा । उनको गृह जिल्ला डडेल्धुरामा तालमेल गर्न गठबन्धनका दलहरू सहमत भएका छन् ।

तर, कांग्रेसकै निवर्तमान सभापति कर्ण मल्ल नेतृत्वको एउटा खेमाले तालमेल गर्ने निर्णयको विरोध मात्रै गर्दै छैन, भण्डाफोर नै गर्दै आएको छ ।

मल्लले भनेका छन्, 'तालमेल गर्ने कदमको विपक्षमा यहाँ डडेल्धुराका ठूलो कांग्रेसीको जमात छ र मेरो नेतृत्वमा भण्डाफोर अभियान चल्दै आएको छ र हामी यो अपवित्र गठबन्धनको विपक्षमा छौं ।'

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को गृह जिल्ला चितवनमा गठबन्धन गर्ने निर्णय त भएको छ तर भरतपुर महानगरपालिका कसले पाउने भन्ने विषयमा मतान्तर छ । चितवनबाट कांग्रेस केन्द्रीय सदस्य भएका नेताहरू टेकबहादुर गुरुङ, दिनेश कोइराला, निवर्तमान जिल्ला सभापति जीतनारायण श्रेष्ठलगायत नेताले भरतपुर महानगरपालिका कांग्रेसले पाउनुपर्ने भन्दै नेताहरूको ध्यानाकर्षण गर्दै आएका छन् ।

बिहीबार निर्वाचन तयारी तथा अनुगमन समिति संयोजक तथा वरिष्ठ नेता रामचन्द्र पौडेललाई र शुक्रबार प्रधानमन्त्रीसमेत रहेका सभापति देउवालाई भेटेर उनीहरूले त्यसबारे ध्यानाकर्षण गरेका छन् ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, एकीकृत समाजवादीका उपाध्यक्ष घनेन्द्र बस्नेत, माओवादी नेता राम कार्कीलगायत नेताको गृह जिल्ला झापामा पनि तालमेलको निर्णय भएको छ । स्थानीय तह बाँडफाँटमा कुरा मिलेको छैन ।

यो जिल्लामा सर्वाधिक बलियो दल एमाले हो । एमालेविरुद्ध निर्वाचन लड्न पनि गठबन्धनका दलहरूबीच तालमेलको आवश्यकता देखिएको उपाध्यक्ष बस्नेतले बताए ।

यता राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीको गृह जिल्ला बाग्लुङमा पनि गठबन्धनका दलहरू तालमेल गर्न सहमत भएका छन् ।

## एमालेले टुङ्ग्यायो आकांक्षी

नेकपा (एमाले)ले विराटनगर महानगर प्रमुख (मेयर) र उपप्रमुख (उपमेयर) पदका उम्मेदवार सिफारिस गरेको छ । महानगर कमिटीको शनिबारको बैठकले प्रमुखमा ५ जना र उपप्रमुखमा ३ जनाको नाम सिफारिस गरेको हो ।

चर्चामा रहेका एमाले केन्द्रीय नेताहरूलाई पन्छाउँदै रामलाल साह, बाबुराम कार्की, सागर थापा, पर्शुराम बस्नेत र महेश भट्टराई नगर प्रमुखका लागि सिफारिस गरिएका छन् ।

यसअघि प्रमुखका लागि एमालेका केन्द्रीय नेता तथा पूर्वमन्त्रीहरू लालबाबु पण्डित, जीवन घिमिरेलगायतको नाम चर्चामा थियो । अहिले सिफारिस भएका थापा एमाले विराटनगरका अध्यक्ष हुन् भने साह केन्द्रीय सदस्य छन् । कार्की जिल्ला उपाध्यक्ष हुन् भने बस्नेत र भट्टराई प्रदेश सदस्य छन् ।

त्यसैगरी बैठकले उपप्रमुखमा शिल्पा कार्की, विमला घिमिरे दाहाल र अञ्जु उपाध्याय (शिला)को नाम सिफारिस गरेको छ । कार्की एमाले विराटनगर महानगरकी उपाध्यक्ष हुन् भने दाहाल प्रदेश सदस्य र उपाध्याय जिल्ला सदस्य छन् । सिफारिस गरिएका नाम प्रदेशमा पठाएपछि मात्रै प्रमुख र उपप्रमुखको नाम टुंगो लाग्ने एमाले मोरङले जनाएको छ ।

# सुस्मिता बनिन् 'ब्युटिसियन ट्यालेन्ट नेपाल'

**द नेपालटप**
काठमाडौं

सौन्दर्य प्रतियोगिता 'ब्युटिसियन ट्यालेन्ट नेपाल २०२२' सिजन ४ को उपाधि ललितपुरकी मेकअप आर्टिस्ट सुस्मिता वज्राचार्यले जितेकी छिन् । काठमाडौंको नाचघरमा शुक्रबार बेलुका सम्पन्न ब्युटिसियनबीचको प्रतियोगितामा सुस्मिताले १९ प्रतिस्पर्धीलाई पछि पार्दै 'मस्ट फ्रेण्डली'को विधागत अवार्डसहित शीर्ष उपाधि जितेकी हुन् ।

प्रतियोगितामा 'फस्ट रनर अप' बनेकी गीता आले मगरले 'बेस्ट नेल आर्ट' र 'बेस्ट फिगर' तथा अस्ली केसीले 'बेस्ट हेयर'सँगै 'सेकेन्ड रनर अप'को उपाधि जितिन् । दुवैले क्राउन र ट्रफीसँगै काठमाडौं, पोखरा र कुस्माको ३ दिनको टुर तथा विभिन्न उपहार प्राप्त गरे ।

विधागततर्फ रमा गुर्माछान 'मस्ट बब्ली' र 'पब्लिक च्वाइस', मुना थापामगर 'भ्युअर्स च्वाइस' र 'बेस्ट स्माईल', रन्जिता थापा ' मल्टी मिडिया', 'बेस्ट ड्रेस' र 'फोटोजेनिक' तथा सिर्जना कुँवर 'स्टाइलिस्ट' र 'मेनेजमेन्ट च्वाइस' बने ।

रोज सिप विकास तालिम केन्द्र र विलक्षण क्रियसनले आयोजना गरेको प्रतियोगितामा शिखा थापा 'बेस्ट हेयर स्टाइलिस', करिश्मा थापामगर 'फ्रेन्डली', ज्योति राउत 'मस्ट ब्युटीफुल', सुष्मा सौरभ 'मस्ट पङ्चुअल' र अर्चना कुमारी 'मस्ट इनोसेन्ट' भए ।

यस्तै सुमित्रा श्रेष्ठ 'बेस्ट पर्सनालिटी', प्रीति झा 'मेहन्दी आर्ट', शकुन्तला अवाले 'इन्टेलिजेन्ट' र 'क्याटवाक', शोभा महर्जन 'सिभिलिटी', प्रभा चौलागाईं 'बेस्ट आइज' र रमीक्षा लिम्बु 'बेस्ट स्किन' विधामा अब्बल बने ।




जयन सुब्बा मानन्धरको कोरियोग्राफीमा भएको प्रतियोगिताको मुख्य निर्णायकमा अभिनेता यसराज गराच तथा निर्णायकमा डा. सरोज लामिछाने, मेकअप आर्टिस्ट तथा नेपाल चलचित्र प्राविधिक संघकी कोषाध्यक्ष गीता पौडेल, ब्युटिसिसियन तथा मोडल शिलाष्मा हमाल, फेसन डिजाइनर गोमा अधिकारी धिताल र मोडल पिंकी जोशी थिए ।

केन्द्रकी अध्यक्ष सोनी कारंजितले ब्युटिसियनहरुको प्रतिभा प्रस्तुति र व्यक्तित्व विकासका लागि ४ वर्षदेखि यो प्रतियोगिता आयोजना गर्दै आएको बताइन् । कार्यक्रमको संयोजकमा परिषी कारंजित, निर्देशकमा सुन्दर थापा, व्यवस्थापकमा सरिता भारती र सञ्चालकमा अश्विनीकान्त झा थिए ।

# विललाई १० वर्षको प्रतिबन्ध

**एजेन्सी**
लसएन्जल्स



एकेडेमी अफ मोसन पिक्चर्स आर्टस् एन्ड साइन्स (ओस्कार)ले हलिउड अभिनेता विल स्मिथलाई ओस्कार मेला तथा एकेडेमीका अन्य गतिविधिमा सहभागी हुन १० वर्ष प्रतिबन्ध लगाएको छ । हालै सम्पन्न ९४औं संस्करणको ओस्कारमा अभिनेता विलले कमेडियन क्रिस रकलाई थप्पड मारेपछि एकेडेमीले यो निर्णय गरेको हो ।

एकेडेमीले जारी गरेको विज्ञप्तीमा स्मिथले स्टेजमा क्रिसमाथि गरेको अस्वीकार्य र हानिकारक व्यवहारले ओस्कार छायामा परेको जनाएको छ । क्रिसमाथि थप्पड मारेपछि विलले त्यसप्रति क्षमा माग्दै एकेडेमीबाट राजीनामा समेत दिएका थिए । क्रिसले विलकी श्रीमतीको मुण्डन शिरमाथि मजाक गरेपछि विलले उनीमाथि थप्पड मारेका थिए ।

क्रिसमाथि थप्पड मारेको केही समयपछि विलले फिल्म 'किङ रिचर्ड' बाट 'बेस्ट एक्टर'को अवार्ड जितेका थिए । फिल्ममा विलले सेरेना र भेनस विलियम्सको बाबुको भूमिकामा अभिनय गरेका छन् ।

एकेडेमीले गत शुक्रबार विलमाथि अनुशासनको कारबाही गर्न भर्चुअल बैठक आयोजना गरेको थियो । एकेडेमीले प्रस्तोता र पाहुनाको संरक्षण गर्दै एकेडेमीप्रति विश्वास जगाउन विलमाथि कारबाही गरिएको जनाएको छ । एकेडेमीले १८ अप्रिलमा बैठक बोलाए पनि अनुशासनको विषयमा छलफल गर्नुपर्ने भएपछि फास्ट ट्र्याक अपनाइएको हो ।

यसअघि एकेडेमीका ४ सदस्य निर्माता हार्वे विन्स्टन, अभिनेता बिल कोस्बे, निर्देशक रोमन पोलान्स्की र छायाकार एदम किमेलमाथि यौन दुर्व्यवहारको आरोप लागेपछि उनीहरुले राजीनामा दिएका थिए ।

### जनकपुर टी–२०

# उद्घाटन खेलमा परिवार–११ विजयी



**जनकपुर/टीएनटी–** जनकपुरधाममा शनिबारबाट शुरु भएको जनकपुर टी–२० क्रिकेटको उद्घाटन खेलमा परिवार–११ विजयी भएको छ ।

लखौरी क्रिकेट टिमले दिएको ६८ रनको झिनो लक्ष्य परिवार–११ले मात्र २ विकेटको क्षतिमा पूरा गर्दै विजयी भएको हो । ६८ रनको लक्ष्य पछ्याएको परिवार–११ले ११ ओभर ३ बलमा मात्र २ विकेटको क्षतिमा पूरा गरेको थियो ।

त्यसअघि ब्याटिङ्ग गरेको लखौरी टिमका कुनै पनि ब्याटम्यान क्रिजमा जमेर खेल्न नसकेपछि १६ ओभर २ बलमा मात्र ६७ रनमा समेटिएको थियो । प्रतियोगिता अन्तर्गत आइतबार पहिलो खेल बगेवा क्रिकेट टीम र रोयल जनकपुर तथा दोस्रो खेल एफसीसी क्रिकेट क्लब र जय क्रिकेट क्लबबीच हुनेछ ।

# बस्ती बनाउन कलाकारको सहयोग



**द नेपालटप**
काठमाडौं


गत १ असारमा मेलम्चीमा आएको बाढीका कारण घरबारविहीन बनेका पीडितका लागि बस्ती बनाउन नेपालका कलाकारहरूले ९ लाख ९ हजार १६८ रुपैयाँ आर्थिक सहयोग गरेका छन् । कलाकारहरूले स्थापना गरेको 'सिन्धु सहयोग कोष'मार्फत हालै उनीहरूले मेलम्ची बाढीपीडित एकीकृत बस्ती निर्माण समितिलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

कोषका संयोजक अभिनेता कृष्ण मल्लले समितिका अध्यक्ष कृष्ण थापालाई सहयोगबापतको रकम हस्तान्तरण गरेका थिए ।

संयोजक मल्लले विविध कारणले रकम हस्तान्तरण गर्न ढिलाइ भए पनि रकमलाई एकीकृत बस्ती निर्माणकै लागि दिन पाउँदा कलाकारहरू खुसी भएको बताए । निर्माण समितिका थापाले बाढीपीडितको पीडामा मह्लम लगाउन कलाकारले गरेको प्रयास सराहनीय रहेको बताए । कोषको सहसंयोजकमा अभिनेत्री करिश्मा मानन्धर, सदस्य सचिवमा कृष्ण ढुंगाना, कोषाध्यक्षमा जितु नेपाल, सहकोषाध्यक्षमा चेतन सापकोटा तथा सदस्यहरूमा श्वेता खड्का, सुनिता दुलाल, पूजा शर्मा तथा भुवन केसी छन् ।

# रुकुमका विद्यालयमा 'थकथकी'

**काठमाडौं/टीएनटी–** रुकुमपूर्वका विभिन्न विद्यालयहरुमा जनचेतनामूलक सडक नाटक 'थकथकी' मञ्चन गरिएको छ । नाटक रुकुमपूर्वका महेन्द्र उच्चमावि तक, नयाँबजार तकसेरा र पुथा हिमालय मावि मैकोटमा मञ्चन भएको थियो ।



पुथा उत्तरगंगा गाउँपालिकाको आर्थिक सहयोगमा ग्लोबल कनेक्सन मिडियाले निर्माण गरेको नाटकका निर्देशक पुर्खाजित राई हुन् । उनले बालविवाहको कारण व्यक्ति र समाजमा पर्ने असरलाई देखाउँदै यसको न्यूनीकरणका उपायहरू प्रस्तुत गरिएको बताए ।

नाटकमा जेबी डीसी, ज्योति राई, प्रीति पुन, मनप्रसाद विक, संस्कृति पुन मगर, रेन्जु बुढा, सञ्जु घर्ती, सुरबी पुन, सपना पुन, शिरमाया पुन र जलन गुरुङले अभिनय गरेका थिए ।

# सरोजलाई ३ स्वर्ण

**द नेपालटप**
काठमाडौं

भारतीय सेनाका सरोज गुरुङले तेस्रो इमान अन्तर ाष्ट्रिय खुला तेक्वान्दो प्रतियोगितामा शनिबार ३ स्वर्ण जितेका छन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार सम्पन्न २ दिने प्रतियोगितामा सरोजले व्यक्तिगत पुम्से, पेयर पुम्से र टिम पुम्सेतर्फ स्वर्ण जितेका हुन् । उनले ३०–४० वर्ष उमेर समूहको व्यक्तिगत पुम्सेको फाइनलमा भारतकै पविन्द्र साम्पाङलाई हराउँदै स्वर्ण जिते । पेयर पुम्सेमा भने सरोजले अर्चना साम्पाङसँग मिलेर फाइनलमा रवि थापा र आकृति क्षेत्रीलाई हराए । टिमतर्फ रवि थापा, पविन्द्र साम्पाङसहितको टोलीसँग मिलेर सरोजले स्वर्ण प्राप्त गरे । पुरुष सिनियर ५४ केजीमुनि नेपालका निकी थापाले स्वर्ण, भारत पेनोर लामाले रजत तथा भारतका तिलक हिरा र नेपालका वीरेन्द्र बोहोराले कांस्य पदक पाए ।

जुनियर ३१–३३ केजी तौलसमूहमा नेपालकी जेसिका लिम्बुले स्वर्ण जित्दा फाइनलमा भारतकी रिसिता कश्यपलाई हराइन् । सो तौलमा नेपालकै आकृति खापुङले कांस्य पदकमा चित्त बुझाइन् । सब जुनियरकै महिला




२८–३१ केजीमा भारतका सेली गुरुङले स्वर्ण, बार्बी बोरुहले रजत तथा नेपालका सिखा श्रेष्ठ र सोडिना रिजालले कांस्य पदक प्राप्त गरे । फाइटतर्फ नै महिला जुनियर ४४–४६ केजी तौलसमूहमा भारतकी सृजना कुँवर, भारतकी रेणु गुप्ता, नेपालका सोफिया गुरुङ र सुमित्रा बलामी कांस्य जिते ।

# योनेक्स प्रधानमन्त्री कप सोमबारदेखि

**द नेपालटप**
**काठमाडौं**

योनेक्स सनराइज प्रधानमन्त्री कप राष्ट्रिय र्‍याङकिङ खुला ब्याडमिन्टन प्रतियोगिता सोमबार सुरु हुँदै छ । नेपाल ब्याडमिन्टन सङ्घको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा ३५० जना खेलाडीको सहभागिता रहने शनिबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक तथा नेपाल ब्याडमिन्टन सङ्घका उपाध्यक्ष सुवास श्रेष्ठले जानकारी गराए ।

प्रतियोगिता हरिलाल धर्मदेवी मेमोरियल ट्रस्ट तथा अपि स्पोर्ट्स म्यानेज्मेन्ट कम्पनीको संयुक्त आयोजनामा सञ्चालन हुन लागेको हो । प्रतियोगिताको मुख्य प्रायोजक टाइगर ब्रुअरीको अन्नपूर्ण छ भने योनेक्स सनराइजको मुख्य भूमिका रहेको छ । यसै गरी वेभरेज पार्टनरका रूपमा आरसी कोला तथा प्रोमोटरमा १०० स्पोर्ट्स तथा खेतान स्पोर्ट्स फाउन्डेसन छन् । प्रतियोगिताको टिकटिङ पार्टनर सजिलो पे रहेको छ ।

प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल, यू–१५ ब्वाइज, यू–१५ गर्ल्स, यू–१९ ब्वाइज र यू–१९ गर्ल्स स्पर्धा समावेश छन् । यसै गरी, मास्टर खुला ५५ वर्षमाथि तथा मास्टर खुला ४५ वर्षमाथिको स्पर्धा पनि समावेश गरिएका छन् ।

# अभिनेता विष्ट सम्मानित

**द नेपालटप**
काठमाडौं

विराटनगरबाट कलायात्रा सुरु गरेका अभिनेता तथा निर्माता गजित विष्टलाई विराटनगर महानगरपालिकाले सम्मान गरेको छ । महानगरपालिकाले गजितलाई महानगरपालिकाको सांस्कृतिक सल्लाहकारका रूपमा रही संस्कृतिको विकासमा दिएको योगदानका लागि सम्मान गरेको हो ।

उनलाई विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले आफ्नो कार्यकक्षमा खादा, फूलमालासहित सम्मानपत्र प्रदान गरे । फिल्म 'मायाज बार'बाट अभिनयमा पाइला चालेका गजित लामो समयदेखि चलचित्र निर्माण, अभिनय र मोडलिङमा सक्रिय छन् ।

गजित फिल्म 'लभ यु बाबा' र 'हैरान'का निर्मातासमेत हुन् । गजितले हालै मात्र डान्स रियालिटी शो 'डान्स च्याम्पियन'को निर्देशन गरेका थिए । कुशल कोरियोग्राफर र मार्सल आर्ट खेलाडीसमेत रहेका गजितले काठमाडौंको मैतीदेवीमा 'डान्स फिभर' नामक नृत्य स्कुल पनि चलाइरहेका छन् ।




नेपालटप मिडिया प्रा.लि.द्वारा प्रकाशित : द.नं. २५१/०७८/०७९ **कार्यालय** : कामनपा-११, काठमाडौं, फोन नं. ०१-५३६६६१० **मुद्रक** : एक्सप्रेस कलर प्रेस कं. प्रालि., काठमाडौं, ईमेल : thenepaltopdaily@gmail.com **अध्यक्ष तथा प्रबन्ध निर्देशक**: अमरेश कान्त झा, **प्रधानसम्पादक** : डिल्ली आचार्य